सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० मंसिर २०८०, शनिबार (16 Dec 2023, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झन् नयाँ



नेपाली कम्निस्टका नौ दुःख

विमर्श। **खगेन्द्र संग्रौला**

आफ्नो चरित्रले थेग्न नसक्ने आदर्शको अभिनय गर्नु कम्निस्टको बिछट्टको विशेषतै हो




वर्तमान मेयरलाई निवर्तमान मेयरको सुझाव

ठेलामा तरकारी बेच्नेको रुवावासी गराएर समस्याको समाधान हुँदैन झन् बल्झिन्छ



संसद् त स्क्रिप्ट मञ्चन हुने ठाउँ पो रहेछ



कान्छी सांसदको संसद् अनुभव

निशा डाँगी, प्रतिनिधिसभा सदस्य, राष्ट्रिय स्वतन्त्र पार्टी

सदनमा जाँदै गर्दा मेरो अपेक्षा एकदमै ठूलो थियो। मलाई लाग्थ्यो, हाउसमा बोलिसकेपछि त्यो कार्यान्वयनमा आउँछ। तर, यथार्थ अर्कै रहेछ। हाउसमा बोलेको कुरा न त्यहाँ कसैले लेख्ने रहेछ, न कसैले टिप्ने नै। फेसबुकमा भिडियो बनाउनका लागि मात्रै बोलिने रहेछ भन्ने थाहा पाउँदा तितो महसुस भयो।

हजार गुनलाई एउटै बैगुनले थिच्दो रहेछ



आत्मसमीक्षा

• जितु नेपाल, हास्यअभिनेता

सम्बन्ध भत्किन समय नलाग्ने रहेछ। मान्छे र समय एकनासले नचल्दा रहेछन्। मान्छे परिस्थितिअनुसार चल्न सक्नुपर्दो रहेछ।

१४ पालिकाको प्रशासकीय नेतृत्वमा महिला

पुरुषको तुलनामा नगन्य उपस्थिति देखिए पनि नेतृत्वका लागि महिला सक्षम छन् भन्ने बलियो सन्देश हो



• वृन्दा हाडा भट्टराई
पूर्वसचिव तथा लोकसेवा आयोगकी पूर्वसदस्य

> राज्यका अंग र प्रशासनिक नेतृत्वमा सहभागिता बढ्दा महिलालाई हेर्ने दृष्टिकोण पनि बदलिएको छ

शान्ति तामाङ, सुवास भट्ट

देशभरका ७५३ स्थानीय तहमध्ये १४ तहमा महिला प्रमुख प्रशासकीय अधिकृत छन्। यो कुल हिस्साको दुई प्रतिशतभन्दा कम उपस्थिति भए पनि नेतृत्वका लागि महिला सक्षम छन् भन्ने सन्देश हो।

उनीहरूमध्ये अधिकांश स्वेच्छाले स्थानीय तहमा गएका हुन्। १४ महिला प्रमुख प्रशासकीयमा चारजना निमित्त छन्। स्थानीय नागरिकले महिला प्रमुख प्रशासकीयलाई प्रेरणाको रूपमा लिँदा कतिपय जनप्रतिनिधि भने हेपाहा दृष्टिले हेर्छन्। अधिकांश स्थानीय तहका प्रमुख पुरुष छन्। उनीहरू स्थानीय सरकारका प्रमुख हुन् भने प्रमुख प्रशासकीय अधिकृत मुख्य सचिवजस्तै हुन्।

धादिङको बेनीघाट रोराङ गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत नर्वदा घिमिरे आफूलाई जनप्रतिनिधि र स्थानीयको भरपुर सहयोग भएको बताउँछिन्। केही समय सिन्धुपाल्चोकको जुगल गाउँपालिकामा बसेर काम गरेकी उनलाई दुवै पालिकामा ऐन, कानुनमा रहेर काम गर्न कुनै समस्या भएन। स्थानीय तहमा बसेर काम गर्न चुनौती भए पनि आफूजस्ता छोरीका बाबुआमाका लागि प्रेरणा बन्न पाउँदा गर्व लागेको बताउँछिन्।

'म आफैँलाई स्थानीय तहमा बसेर काम गर्न अहिलेसम्म कुनै समस्या भएको छैन। महिला भएकैले मलाई फरक व्यवहार भएको पाएकी छैन। बरु हामीजस्ता महिला प्रमुख प्रशासकीयलाई देखेर स्थानीय छोरीका बाबुआमा खुसी हुन्छन्। आफ्ना छोरीलाई पनि यस्तै बनाउँछौं भन्नुहुन्छ,' उनले भनिन्।

मोरङको कानेपोखरी गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत हिराकुमारी यादव एक महिनाअघि मात्रै त्यहाँ पुगेकी हुन्। आफूलाई पनि महिला भएकै कारण काम गर्न असहज नभएको उनको भनाइ छ। 'अहिलेसम्म काम गर्नका लागि ठीकै छ। हामी धैरैजसो ठोकिने भनेको अध्यक्षसँग हो। हामी कति समन्वय गर्छौं, सहजीकरण गर्छौं, त्यसअनुसार व्यवहार फरक हुन सक्छ,' यादवले भनिन्।

यसअघि झापाको कचनकवल गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेकी यादवले त्यहाँ भने केही समस्या व्यहोर्नुपरेको बताइन्। उनका अनुसार गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीले रोक्न खोजेका थिए। 'दुई वर्ष दुर्गममा बसेपछि मन्त्रालयले मलाई झापामा पठाए पनि अध्यक्षज्यूले महिला हो, महिलासँग काम गर्न अप्ठ्यारो हुन्छ, भनेको कुरा मानिदिँदैनन्, त्यसैले मलाई गाह्रो हुन्छ भनेर हाजिर नै गराउनुभएन। दुई हप्ताजति कुरेपछि मलाई हाजिर नगराउने हो भने कारण खुलाइदिनुस् भनेर गएपछि

» पृष्ठ २ मा क्रमशः

यी हुन् महिला प्रमुख प्रशासकीय अधिकृत रहेका स्थानीय तह



महिला निमित्त प्रमुख प्रशासकीय अधिकृत रहेका स्थानीय तह



■ निजामतीमा नौ महिला सचिव

एकैचोटि नौ महिला निजामती सेवाको विशिष्ट श्रेणीमा पुग्न सफल भएका छन्। एकैपटक यति ठूलो संख्यामा महिला सचिव बनेको निजामती इतिहासमै पहिलो हो। निजामती सेवामा अहिले ७४ सचिवको दरबन्दी छ। त्यसमध्ये ७२ सचिव बहाल छन्। दुई सचिव अदालतमा मुद्दा दायर भएका कारण निलम्बित छन्।



सेवा लम्साल
(परराष्ट्र मन्त्रालय)



लीलादेवी गड्तौला
(प्रधानमन्त्री कार्यालय, कानुन)



प्रमिलादेवी बज्राचार्य
(शिक्षा मन्त्रालय)



निर्मला पौडेल
(रजिस्ट्रार, सर्वोच्च अदालत)



सरिता दवाडी
(जल तथा ऊर्जा आयोग)



देवकुमारी गुरागाईं
(स्वास्थ्य मन्त्रालय)



विन्दु विष्ट
(उपमहालेखापरीक्षक)



लक्ष्मीकुमारी बस्नेत
(प्रमुख सचिव, गण्डकी प्रदेश)



राधिका अर्याल
(प्रमुख सचिव, लुम्बिनी प्रदेश)

हालसम्म ११ महिला सचिव अवकाश भइसकेका छन्

महिलाकै कमान्डमा आठ जिल्ला

गृह मन्त्रालयका अनुसार अहिले ताप्लेजुङमा हिरादेवी पौडेल, सोलुखुम्बुमा देवी पाण्डे, भक्तपुरमा रोशनीकुमारी श्रेष्ठ, काभ्रेपलाञ्चोकमा रुद्रादेवी शर्मा, रामेछापमा अनिता निरौला, सिन्धुलीमा सुनिता नेपाल, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कल्पना श्रेष्ठ र दार्चुलामा किरण जोशी सिडिओ छन्।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

पेट्रोल र डिजेलको मूल्य प्रतिलिटर तीन रुपैयाँ घट्यो

काठमाडौं/ नेपाल आयल निगम लिमिटेडले शुक्रबार रातिबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर तीन रुपैयाँको दरले घटाएको छ। मूल्य घटाएपछि काठमाडौंमा पेट्रोल एक सय ६७ रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ५७ रुपैयाँ प्रतिलिटर कायम भएको छ।

इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट मूल्य घटेर आएका कारण नेपाली बजारमा समेत मूल्य समायोजन गरेको निगम प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। उनका अनुसार आइओसीबाट शुक्रबार दिउँसो नयाँ मूल्य आउँदा पेट्रोल ३.०७ रुपैयाँ र डिजेल ३.१६ रुपैयाँ प्रतिलिटर घटेर आएको थियो। त्यसपछि दिउँसो सञ्चालक समिति बैठक बसेर मूल्य घटाउने निर्णय गरेको हो।

■ प्रस्तावित न्यायाधीशको सुनुवाइ जारी

आरती साह मुद्दाको आदेशमा आत्मालोचना गर्न सुवेदीको इन्कार

कमलराज भट्ट/नयाँ पत्रिका

सर्वोच्च अदालतमा प्रस्तावित न्यायाधीश सारंगा सुवेदीले धनुषामा दाइजोका कारण हत्या गरिएकी आरती साहको कर्तव्य ज्यान मुद्दामा दिएको आदेशको आत्मालोचना नगर्ने अडान लिएकी छिन्। शुक्रबार संसदीय सुनुवाइका क्रममा उनले तत्काल प्राप्त तथ्य प्रमाण, संविधान, ऐन-कानुनको व्यवस्था र न्यायिक मूल्य-मान्यताअनुसार आफूले निर्णय गरेको भन्दै क्षमायाचना नगर्ने जवाफ दिएकी हुन्।

उच्च अदालत जनकपुरको न्यायाधीश हुँदा सुवेदीले आरती साह हत्या मुद्दामा जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाएका अभियुक्तलाई धरौटीमा रिहा गर्ने आदेश दिएकी थिइन्। सर्वोच्च अदालतले २० असोजमा उक्त आदेश आंशिक बदर गर्दै पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो। छोरीको हत्यारालाई छोडेको भन्दै साह परिवार न्याय माग्दै ६ महिनादेखि संघर्षमा छ। परिवारजनले सुनुवाइ समितिमा सुवेदीविरुद्ध उजुरी पनि दिएको छ।

समिति सदस्यहरूले आरती साह हत्या मुद्दामा अभियुक्त छोड्ने आदेश सर्वोच्चले उल्ट्याएको भन्दै आत्मालोचना गर्दा ठीक हुने धारणा राखेका थिए। 'मान्छेबाट गल्ती हुन सक्छ, उठेका प्रश्नमा आत्मसमीक्षा गर्नुहोला,' सांसद जनार्दन शर्माले भने।

» पृष्ठ २ मा क्रमशः

तेस्रोपटक सच्यो कांग्रेस महासमिति बैठक

महासमिति बैठकमा गठबन्धनबारे प्रश्न तथा आन्तरिक मतभेदका विषय उठ्ने र त्यसले राष्ट्रिय सभा निर्वाचनमा असर पर्न सक्ने आकलनसहित सारियो बैठक

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका



कांग्रेसले राष्ट्रिय सभा निर्वाचनलाई लक्षित गरेर १६ देखि १९ पुसका लागि तय भएको महासमिति बैठक सारेको छ। शुक्रबार सानेपामा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले नीति अधिवेशनसमेत गर्ने गरी बस्न लागेको महासमिति बैठक ७ देखि १० फागुनमा गर्ने निर्णय गरेको हो।

महासमिति बैठकमा गठबन्धनबारे प्रश्न तथा आन्तरिक मतभेदका विषय उठ्न सक्ने र त्यसले राष्ट्रिय सभा निर्वाचनमा समेत असर पार्न सक्ने आकलन गरेर बैठक सारिएको स्रोतको भनाइ छ। नेता शेखर कोइराला र महामन्त्री गगन थापा समूहले अहिलेको गठबन्धन र सरकारको कार्यशैलीको आलोचना गरिरहेका छन्।

त्यस्तै, महासमिति बैठकका लागि सांगठनिक प्रतिवेदन तयार गरिरहेका महामन्त्री थापा र समसामयिक राजनीतिक प्रतिवेदन प्रस्ताव तयार गर्ने जिम्मेवारी पाएका अर्का महामन्त्री विश्वप्रकाश शर्माले निर्वाचनमा गठबन्धन नगर्नेसहितका प्रस्ताव तयार गरिरहेका छन्। यसकारण पनि गठबन्धनको विषयमा विरोध हुन नदिने सभापति शेरबहादुर देउवाको रणनीतिअनुसार बैठक सारिएको नेताहरू बताउँछन्।

पार्टी प्रवक्ता तथा अर्थमन्त्री डा. प्रकाशशरण महतले राष्ट्रिय सभा निर्वाचनमा केन्द्रित हुनुपर्ने भएकाले महासमिति बैठक सारिएको बताए। 'निर्वाचन मुखमा छ, त्यसमा केन्द्रित हुनुपर्ने भएकाले बैठक सारिएको हो। महासमिति बैठक अब ७ देखि १० फागुनसम्म ललितपुरमा गर्ने निर्णय भएको छ। फागुनमा बैठक सार्दा महासमिति बैठकको तयारीलाई तात्त्विक अन्तर पार्दैन,' उनले भने।

महासमिति सार्ने विषयमा देउवाले इतर समूहका नेता कोइरालासमेतलाई सहमत गराएको स्रोतको दाबी छ। उता महामन्त्रीद्वय थापा र शर्मा भने बैठकको संयुक्त खाका बनाउन व्यस्त छन्। बैठक सरेको यो तेस्रोपटक हो। सुरुमा १३ देखि १५ मंसिरका लागि बैठक तय गरेको थियो। तर, पछि २९ मंसिरदेखि २ पुसका लागि सारेको थियो। दोस्रोपटक बैठक सार्दै १६ देखि १९ पुसमा लागि मिति तोकेको थियो।

१२ पुसमा केन्द्रीय समिति बैठकबाट उम्मेदवारको टुंगो लगाइने

राष्ट्रिय सभाका रिक्त हुन लागेका २० सदस्यका लागि आगामी ११ माघमा निर्वाचन हुँदै छ। प्रवक्ता महतले सत्तागठबन्धनमा रहेका दलहरूसँगको छलफलपछि छिट्टै कांग्रेसका तर्फबाट उम्मेदवारको टुंगो लगाइने बताए। 'गठबन्धन दलसँग पनि मिलेर जानुपर्नेछ। छलफलबाट संख्याको टुंगो चाँडै लाग्नेछ,' उनले भने। गठबन्धनमा रहेका दलहरूबीच मिलेरै निर्वाचनमा जाने सहमति भइसकेको छ।

कार्यसम्पादन समितिको बैठकले निर्वाचनलक्षित विभिन्न निर्णय गरेको छ। बैठकले सातै प्रदेश कार्यसमितिलाई उम्मेदवार सिफारिस गर्न निर्देशन दिएको छ। त्यस्तै, निर्वाचन आयोगमा दल दर्ताको जिम्मेवारी मुख्यसचिव कृष्णप्रसाद पौडेललाई दिएको छ। उम्मेदवारबारे अन्तिम टुंगो लगाउन १२ पुसमा १२ केन्द्रीय समिति बैठक बोलाइएको प्रवक्ता महतले बताए। निर्वाचनमा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारलाई दलको औपचारिक पत्र दिन सभापति शेरबहादुर देउवालाई जिम्मेवारी दिने निर्णय गरेको छ। नेताहरूका अनुसार बैठकमा पार्टीका तर्फबाट १० सिटसम्म दाबी गर्नुपर्ने आवाज उठेको थियो। तर, यसबारे गठबन्धनमा छलफल गरेर टुंगो लगाइने बताइएको छ।

सम्पत्ति शुद्धीकरणमा १५ लाख धरौटी बुझाएर र अख्तियारबाट साधारण तारेखमा छुटे खाण

नयाँ पत्रिका

नेपालीलाई नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै गरिएको ठगी मुद्दाका अभियुक्त बालकृष्ण खाण अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट पनि तारेखमा छुटेका छन्। बिहीबार उच्च अदालत पाटनले उनलाई ३० लाख धरौटी लिएर साधारण तारेखमा छाड्ने आदेश दिएको थियो।

खाणविरुद्धको मुद्दा अहिले काठमाडौं जिल्ला अदालतमा विचाराधीन छ। ठगीसँगै प्रहरीले उनीविरुद्ध भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको कसुरमा पनि छानबिन गर्न अख्तियार र विभागलाई लेखेको थियो। त्यसकै आधारमा दुवै निकायले उनीविरुद्ध छानबिन गरिरहेका छन्। उच्च अदालतको फैसलापछि अख्तियारले साधारण तारेख र विभागले १५ लाख धरौटी लिएर खाणलाई छाड्ने निर्णय गरेका छन्। 'उहाँलाई साधारण तारेखमा छुटाउने निर्णय आयोगले गरेको छ,' अख्तियारका प्रवक्ता नरहरि घिमिरेले भने।

विभागका महानिर्देशक पुष्पराज शाहीले खाणलाई १५ लाख धरौटी लिएर तारेखमा छाडिएको बताए। 'अदालतले कायम गरेको कुल धरौटीको आधा धरौटी कायम गरेर खाणलाई धरौटीमा रिहा गरिएको छ,' उनले भने। नबिल बैंकको १५ लाख ग्यारेन्टी राखेर उनी छुटेका विभागले जनाएको छ। विभागले खाणलाई आगामी १५ माघमा तारेखमा बोलाएको छ। उच्च अदालतको आदेशबमोजिम खाण शुक्रबार नै जिल्ला अदालत काठमाडौंमा ३० लाख बैंक धरौटी बुझाएर छुटिसकेका छन्।



सम्पत्ति शुद्धीकरण विभागमा धरौटी बुझाएर रिहा भएपछि बालकृष्ण खाण। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

१४ पालिकाको...

पृष्ठ १ बाट क्रमशः

बल्ल मान्नुभएको थियो,' उनले स्मरण गरिन्, 'उहाँले मन्त्रालयसम्मै पुगेर पनि मलाई पुरुष कार्यकारी चाहियो भन्नुभयो । स्थानीय बासिन्दा सबैको साथ पाएर एक वर्ष सौहार्दपूर्ण तरिकाले काम भने गर्रे ।'

काठमाडौंको दक्षिणकाली नगरपालिकामा मधु अर्याल खनाल प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हाँक्दै छिन् । यो नगरमा अगाडि पनि महिला प्रमुख प्रशासकीय अधिकृत नै भएकाले मधु अर्याल खनाललाई खासै समस्या छैन । तर, जनप्रतिनिधिको चाहनाअनुकूल चल्नुपर्ने अवस्था भने रहेको उनले बताइन् ।

'म सक्छु । स्थानीय तहको अनुभव गर्छु । हामी पनि कुनै स्थानीय तहमा जन्मेका हौं । गाउँघरमै हुर्के, बढेका हौं । काम गर्न सकिहालिन्छ भनेर स्थानीय तह आएकी हुँ । मेरैजस्तो विचार अन्य साथीहरूको नहुन पनि सक्छ,' उनले भनिन्, 'स्थानीय तह कानुनी रूपमा सञ्चालन भएका छन् । कार्यकारी भए पनि केही हदसम्म स्थानीय तहको व्यवहारअनुरूप चल्नुपर्ने हुन्छ । जनप्रतिनिधिहरूको चाहनाअनुरूप पनि चल्नुपर्ने हुन्छ । उहाँहरूलाई सम्झाइबुझाई गरेर कानुन लागू गराउनुपर्ने रहेछ ।'

महिला सक्षम हुँदा पनि काम गर्न नदिने मानसिकता अझै कायम रहेकाले स्थानीय तहमा महिला प्रमुख प्रशासकीय अधिकृतको संख्या कम रहेको उनी बताउँछिन् । 'अहिले पनि प्रमुख वा अध्यक्षले महिला प्रमुख प्रशासकीय नपठाउनू, उनीहरूसँग काम गर्न अप्ठ्यारो हुन्छ, भनेको मान्दैनन् भन्ने गर्नुहुन्छ,' उनले भनिन्, 'महिला भए पनि, जे भए पनि आउनुस् भनेर सहज रूपमा स्वीकार गर्नुहुन्न ।'

अन्य निकायमा पनि प्रमुखको रूपमा काम गरिसकेकी सोलुखुम्बुकी सोलु-दूधकुण्ड नगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत कोपिला राईलाई अन्य ठाउँमा भन्दा स्थानीय तहमा काम गर्न सहज भएको अनुभव छ । नगरपालिकाभन्दा अघि उनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा कार्यरत थिइन् । 'मैले अरू कार्यालयमा पनि कार्यालय प्रमुख भएर काम गर्रे । अरूतिर फरक खालको व्यवहार पाएको थिएँ । तर, प्रमुख प्रशासकीय अधिकृत भएपछि महिला भएकै कारण छुट्टै व्यवहार भोगेको छैन । जनप्रतिनिधि र सेवाग्राही सबैसँग समन्वयको पाटो महत्त्वपूर्ण हुने भएकाले मलाई काम गर्न समस्या भएको छैन,' उनले भनिन्, 'निजामती सेवामा महिलाको संख्या जुन दरमा बढ्दै छ, स्थानीय तहमा कम देखिन्छ । स्थानीय तहमा काम गर्न गाह्रो हुन्छ भन्ने छ, तर त्यस्तो होइन । स्थानीय तहमा महिलालाई काम गर्न गाह्रो छ भन्ने हाउगुजीले उहाँहरू नजानुभएको जस्तो लाग्छ ।'

सोलुखुम्बुको खुम्बु-पासाङल्हामु गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत कल्पना दाहाल महिला भएकै कारण काम गर्न अप्ठ्यारो नभए पनि महिला नेतृत्वसँग काम गर्न नपरे हुन्थ्यो भन्ने धारणा भने अझै रहेको अनुभव सुनाउँछिन् । 'महिला भएकै कारण काम गर्न असहज छैन । स्थानीय नागरिकबाट पनि सौहार्दपूर्ण व्यवहार पाउँछौं । तर, हामी सबै पुरुषप्रधान समाजमा हुर्किएकाले होला महिला नेतृत्वलाई डोमिनेट गर्न खोजेजस्तो भने देखिन्छ,' उनले भनिन् ।

पूर्वसचिव तथा लोकसेवा आयोगकी पूर्वसदस्य वृन्दा हाडा भट्टराई राज्यका अंग र प्रशासनिक नेतृत्वमा सहभागिता बढ्दा महिलालाई हेर्ने दृष्टिकोण पनि बदलिएको बताउँछिन् । 'निजामती सेवामा महिला सहभागिता बढ्नुमा धेरै कारण देखिन्छ । जसमध्ये मूलतः राज्यको नीति र महिला आरक्षण प्रमुख कारण हो । महिलामा बढेको राजनीतिक चेतना र शिक्षा तथा उनीहरूको मिहिनेत पनि उत्तिकै जिम्मेवार छ,' उनले भनिन्, 'अहिले त खुला प्रतिस्पर्धाबाट आउने महिलाको संख्या पनि बढ्दै गएको छ । लोकसेवा परीक्षामा सहभागी हुनुपर्छ र मिहिनेत गर्दा सफल भइन्छ भन्ने मनोबल महिलामा बढ्दै गएको देख्छु । राज्यका अंग र प्रशासनिक नेतृत्वमा सहभागिता बढ्दा महिलालाई हेर्ने दृष्टिकोण पनि बदलिएको छ । महिलाको नेतृत्वलाई नागरिकले पनि मन पराएको देखिन्छ । पुरुषभन्दा कम छैनन् भन्ने पुष्टि गरेर पनि महिलाले देखाएका छन् । यसले नयाँ र आउने पुस्तालाई पनि प्रेरित गरेको छ । यद्यपि, चुनौती नभएका होइनन् ।'

स्थानीय तहको प्रशासनमा महिला नेतृत्व किन कम ?

स्थानीय तहमा पुरुष प्रशासकीय अधिकृतको तुलनामा महिलाको उपस्थिति किन नगन्य भयो ? महिला प्रमुख प्रशासकीय अधिकृतहरू यसका पछाडि विभिन्न कारणहरू देखाउँछन् । खुम्बु-पासाङल्हामु गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत दाहाल महिलामाथि एकभन्दा धेरै जिम्मेवारी हुने र पितृसत्तात्मक सोचका कारण महिला नेतृत्वमा पुग्न नसकेको दाबी गर्छिन् ।

जनप्रतिनिधिलाई प्रमुख प्रशासकीय छान्न दिने कार्यलाई निरुत्साहित गर्न सके स्थानीय तहमा प्रमुख प्रशासकीय महिलाको संख्यामा वृद्धि गर्न सकिने सरोकारवालाहरू बताउँछन् । सोलु-दूधकुण्ड नगरपालिकाकी प्रमुख प्रशासकीय राई भने नेपाली समाजमा महिलालाई अझै पनि काम गर्न सक्दैनन् भन्ने दृष्टिकोणबाट हेर्ने भएकाले महिला आफैं सशक्त रूपमा अघि बढ्नुपर्ने धारणा राख्छिन् । 'समन्वय, नेतृत्वको विकास गर्न पनि स्थानीय तहमा बस्नुपर्छ । स्थानीय तहमा बसिसकेपछि भोलि नीति निर्माण तहमा प्रत्यक्ष सहभागी हुँदा जसले यहाँको वास्तविकता बुझ्छ उसले नै यहाँको आवाज माथिसम्म लैजान सक्छ । देशको भूगोल, वास्तविकता बुझ्न पनि स्थानीय तहमा काम गर्न आउनुपर्छ, काम गर्न सकिन्छ,' उनले भनिन्, 'म आफैं यहाँ आउनका लागि दुई-चारपटक भन्नुपऱ्यो । महिलालाई स्थानीय तहमा पठाउनका लागि खासै पहल छैन । स्थानीय तहमा जान चाहनेका लागि केहीअघि मन्त्रालयले सूचना निकालेको देखियो । त्योबाहेक हामीसँग तालिम, समन्वय केही छैन । जुन काम हुनुपर्छ जस्तो लाग्छ ।'

■ असइ थमन विक हत्या प्रकरण

महोत्तरी अदालतको फैसलाप्रति लोसपाको औपचारिक असहमति

नयाँ पत्रिका

असइ थमन विकको हत्यासम्बन्धी मुद्दामा जिल्ला अदालत महोत्तरीले गरेको फैसलालाई लिएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)मा सरकार छाड्न दबाब बढेको छ । मधेश आन्दोलनका क्रममा मारिएका सशस्त्र प्रहरीका असइ विकको मुद्दामा लोसपाका सांसद अभिराम शर्मासहित सातजनालाई जन्मकैदको सजाय भएपछि लोसपाभित्र सरकार छाड्न दबाब बढेको हो ।

मधेश प्रदेशका संसदीय दलका नेतासमेत रहेका शर्मालाई बिहीबार महोत्तरी जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएको थियो । अदालतको फैसलापछि लोसपाका अध्यक्ष महन्थ ठाकुरले असहमति जनाएका छन् ।

'स्वतन्त्र न्यायालय लोकतन्त्रको आत्मा हो । न्यायालयप्रति उच्च सम्मान प्रकट गर्दै महोत्तरी जिल्ला अदालतको उक्त फैसलाप्रति हाम्रो गम्भीर असहमति रहेको छ,' शुक्रबार ठाकुरले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'राजनीतिक अधिकार प्राप्तिको संघर्षमा लाखौं जनता सडकमा आएको सन्दर्भमा कसैको मृत्यु हुनु एउटा दुःखद घटना हो नै, तर तथ्य एवं वास्तविकताभन्दा बाहिर गएर फरक ढंगले निर्दोष व्यक्तिहरूलाई समेत राजनीतिक पूर्वाग्रहको आधारमा फसाइएकोमा सम्मानित अदालतबाट जन्मकैदसम्मको फैसला आउनुले हामी स्तब्ध तथा मर्माहत भएका छौं ।'

प्रदेश संसदीय दलका नेतालाई जन्मकैदपछि लोसपामा सरकार छाड्न दबाब

विद्यमान कानुन तथा न्यायिक प्रक्रियालाई आधार मानेर न्याय एवं इन्साफका लागि बढ्ने उनको भनाइ छ ।

लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले पनि फैसला दुर्भाग्यपूर्ण भएको प्रतिक्रिया दिएका छन् । 'संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा मधेश आन्दोलनको समयमा भएका विभिन्न घटना, दुर्घटना र सोही बहानामा पूर्वाग्रही ढंगबाट आन्दोलनका अगुवालक्षित गरी दायर भएको मुद्दामा आधारित रहेर महोत्तरी जिल्ला अदालतले गरेको फैसला दुर्भाग्यपूर्ण छ,' उनले विज्ञप्तिमार्फत आपत्ति जनाएका छन् । उनले थरुहट र मधेशी मोर्चाका सबै नेतालाई तत्काल विभिन्न तहका सरकारलाई दिएको समर्थन फिर्ता गरी संघर्षको कार्यक्रम घोषणा गरी नेतृत्वदायी भूमिका निर्वाह गर्न माग गरेका छन् ।

'मैले हाम्रा पार्टी अध्यक्ष महन्थ ठाकुरलाई आफ्नो नेता-कार्यकर्ताविरुद्ध भइरहेको षड्यन्त्रको पर्दाफास गरी निर्भयका साथ आन्दोलनमा उत्रिन तथा खुट्टा नकमाउन र हिम्मत देखाउन आग्रह गरिसकेको छु,' महतोले भनेका छन्, 'र, यही विज्ञप्तिमार्फत थरुहट र मधेशी मोर्चाका सबै नेताहरूलाई डटेर सामना गर्न पनि अपिल गर्दछु । अधिकार र पहिचानका लागि भएको आन्दोलनको मागलाई दबाउन राज्यद्वारा भइरहेको प्रपञ्चको हामी खुलेर विरोध गर्रौं ।'

महतोले मधेशी मोर्चाका सबै नेतृत्वकर्ताहरू अल्मलिएको आरोप लगाएका छन् । 'शान्तिपूर्ण आन्दोलनलाई बन्दुकको नोकको बलमा दबाउन खोजियो, मधेशी जनताले राज्यको आतंकको बीच पनि ६-६ महिनासम्म प्रतिरोध गरे, तैपनि मधेशी जनताको आवाज सुनिएन,' महतोले भनेका छन्, 'हामीले उक्त अधिकारको लडाइँ अझै निष्कर्षमा पुऱ्याउन सकेका छैनौं । मधेशी जनता हारको मनोविज्ञानमा बाँचिरहनुपरेको छ । पुनः थप आन्दोलनको तयारी थाल्नुपर्नेमा हामी मधेशी मोर्चाका सबै नेतृत्वकर्ताहरू कताकता अल्मलिएजस्तो भएको छ ।'

डा. केसीले थाले तीनदिने अनशन

धनगढी/ द्वन्द्वकालीन मुद्दा टुंगोमा पुऱ्याउनुपर्ने मुख्य माग राखी प्रा.डा. गोविन्द केसीले अनशन सुरु गरेका छन् । डा. केसीले धनगढीको लक्ष्मीनारायण मन्दिरको धर्मशालामा शुक्रबारबाट तीनदिने अनशन सुरु गरेका हुन् ।

डा. केसीले देशमा दण्डहीनता मौलाएको भन्दै सशस्त्र द्वन्द्वकालमा भएका जघन्य तथा मानवताविरोधी अपराधका दोषीलाई दण्डित गर्दै मृतक, घाइते र बेपत्ता परिवारलाई न्याय हुने गरी संक्रमणकालीन न्याय प्रक्रिया शीघ्र टुंग्याउन माग राखेका छन् । यसबाहेक, यसअघि आफूसँग भएका सम्झौता कार्यान्वयन गर्नसमेत उनले माग गरेका छन् ।

स्वास्थ्य क्षेत्र सुधारका लागि पटक-पटक अनशन बस्दै आएका डा. केसीले उठाएका गेटामा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा ल्याउने, चिकित्सा शिक्षा ऐनमा उल्लेख भएअनुसार सबै प्रदेशमा कम्तीमा एउटा सरकारी मेडिकल कलेज पुऱ्याउने, जनसंख्या र भौगोलिक अवस्थितिअनुसार इलाम, उदयपुर, डडेल्धुरामा सरकारी मेडिकल कलेज खोल्नेलगायत मागमा सरकारले गरेका सम्झौता अझै कार्यान्वयनमा आएको छैन ।

यसबाहेक सय शय्याभन्दा बढी क्षमता भएका सरकारी अस्पतालमा नर्सिङलगायत अन्य स्वास्थ्यसम्बन्धी विषयका कार्यक्रम सुरु गर्ने विश्वविद्यालय र प्रतिष्ठानमा पदाधिकारी नियुक्तिको मापदण्डसहित कानुनी व्यवस्था गर्ने, ऐन जारी नहुँदासम्म दलीय भागबन्डा निषेध गर्दै मापदण्डअनुसार तुरुन्त विश्वविद्यालयमा नियुक्ति गर्ने, एकीकृत प्रतिष्ठान ऐन शीघ्र जारी गर्ने, सबै सरकारी नियुक्तिमा स्वार्थको द्वन्द्व अन्त्य गर्नका लागि कानुनी व्यवस्था गनुपर्ने माग केसीले उठाएका छन् ।

अनशनका लागि डा. केसीले पहिले गेटा परिसर चयन गरेका थिए । त्यसका लागि उनी पुग्दा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय संघर्ष समितिसँग विवाद भएपछि धनगढी फर्केर लक्ष्मीनारायण मन्दिरमा अनशन थालेका हुन् । विवादका क्रममा केसीले आफू गेटामा एमबिबिएसको पढाइ हुनुपर्ने र अस्पताल सञ्चालन हुनुपर्ने भनेर आएको भन्दै रिसाएर फर्किएका थिए ।

आरती साह...

पृष्ठ १ बाट क्रमशः

एमाले सांसद ईश्वरी घर्तीले सोधिन्, 'यहाँले आरती साह प्रकरणमा मैले जे गरेको थिएँ, ठीक नै थियो भन्दै गर्दा यहाँले गरेको ठीक थियो कि २० असोजमा सर्वोच्चले गरेको निर्णय ठीक थियो ?' रास्वपाका डोरप्रसाद अर्याललले सोधे, 'तपाईंको फैसला सर्वोच्चले बदर गरेकोमा कुनै महसुस छ कि छैन ?'

जवाफमा सुवेदीले आफूले आत्मालोचना गर्न नसक्ने बताइन् । 'मैले इजलासमा बसेर आफूले लेखेको आदेश निर्दोष पनि हुन सक्छ भन्ने पक्षबाट हो । हामीले जे देख्छौं, विश्लेषणअनुसार आदेशमा त्यही लेखेका छौं । अब सर्वोच्चले के आदेश दियो, संयुक्त इजलासमा बसेका न्यायाधीशको कुरा हो । यो न्यायिक प्रक्रियामा हुने नै यही हो । आफूले लेखेको राय, जे लेखियो त्यो मैले तत्काल प्राप्त प्रमाणका आधारमा संविधान र कानुनको भावना, सिद्धान्तका आधारमा गरेको हो । त्यसकारण मैले रिग्रेट गर्ने कुरा हुँदैन । मैले गरेको कुरा बेठीक थियो भनेर भन्न मिल्दैन ।'

उनले ३३ किलो सुनमा दुईजना प्रहरीको हकमा आदेश गरेको र सर्वोच्चले स्वीकृत गरिसकेको उल्लेख गर्दै उनीहरूले जिल्लाबाट सफाइ पाएको उल्लेख गरिन् । एकजना रिटायर्ड भएको र एकजना दुई तह बढुवा भएर कार्यरत रहेको बताउँदै सुवेदीले भनिन्, 'यदि त्यो आदेश गरेको थिइनँ भने त्यो प्रहरी जेलमै बसिरहेको हुन्थ्यो भने उहाँको हैसियत कस्तो हुन्थ्यो ?' यो प्रकरणमा आफूलाई न्यायपरिषद्ले सचेत नगराएको पनि उनले दाबी गरिन् । 'अरूलाई सचेतक गराइएको हो । मेरो हकमा मेरोविरुद्धको उजुरी प्रतिवेदन तामेलीमा राखिएको हो,' उनले भनिन् ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय
उद्योग विभाग

केन्द्रिय कारागार कारखाना कार्यालय,
भोटेबहाल, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति : २०८०।०८।३०)

यस कार्यालयको मिति २०८०।०७।२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सुति घागो आपूर्ति सम्बन्धी बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये रु.११९२५३४२।- कबोल अंक भएको श्री इप्सु पतञ्जली सप्लायर्स काठमाडौको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

सर्टिफिकेट हरायो

मिति २०८०/०७/१० गते कोटेश्वर देखि रत्नपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : नवीन घर्तीमगर
Reg.No : 722730008
Symbol No.: 32701687
Contact : 9746439987

सामुहिक बचत कल्याण कोष सहकारी संस्था लि.
कोटेश्वर, काठमाण्डौको

साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको ३३ औं वार्षिक साधारणसभा मिति २०८०/०९/२७ गते शुक्रवार बिहान ९:०० देखि १२:०० बजे सम्म संस्थाको कार्यालय भवन बाट उत्तरतर्फ १०० मि. अगाडी भुटन एण्ड सेकुवा रेष्ट्रो एण्ड क्याफेमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि आमन्त्रण गर्दछौं ।

छलफलका विषयहरु :
१. संस्थाका तर्फबाट प्रस्तुत हुने प्रतिवेदनहरु,
२. आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन,
३. आ.व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,
४. विविध

संचालक समितिको आज्ञाले
सागर कुमार पोखरेल
सचिव

सम्पर्क : ०१-४६१०६६५, groupsaving2047@gmail.com

अटल बचत तथा ऋण सहकारी संस्था लि.
को १४औं बार्षिक साधारण सभा बस्ने सम्बन्धी सुचना

यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको १४ औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि यसै सुचना मार्फत जानकारी तथा अनुरोध गराइन्छ ।

साधारण सभा बस्ने मिति, स्थान र समय :
मिति : २०८० पौष २१ गते शनिवार
स्थान : याङग्रिमा हिलसिटी होटल प्रा.लि. (संस्थाको कार्यालयसंगै)
गोकर्णेश्वर-६, काठमाडौं
समय: बिहान ९:०० बजे
फोन : ०१-४९१०७६२/६३

सचिव
संचालक समिति

INTEREST RATES

Interest Rate on various HBL Deposit and Loan Products effective from Poush 01, 2080 (December 17, 2023)

Savings Deposit (LCY)	% Per Annum	Minimum Balance
LCY Savings - Normal	5.103	Rs. 2,500/- Inside Valley; Rs. 1,000/- Outside Valley
LCY Savings - Himal	5.103	Zero
LCY Savings - Bishesh	5.603	Rs. 2,000/-
Premium Savings Account	6.500	Rs. 50,000/-
Super Premium Savings Account	7.000	Rs. 100,000/-
Shareholder's Savings	5.603	Rs. 500/-
Himal Remit Savings	8.500	Zero without Cheque, Rs. 1,000/- with Cheque Book
Family Savings	5.103	Rs. 10,000/-
Mero Pahilo Bachat Khata	5.103	Zero
Special Payroll Account	7.103	Zero
HBL Nari Bachat	6.500	Rs. 1,000/-
Subidha Savings Account	7.103	Rs. 1,000,000/-
Exclusive Privilege Savings Account	7.103	Rs. 500,000/-
Jeevan Surakchya Bachat	5.103	Rs. 7,000/-
Daughter's of Karnali Province	5.103	Zero
Savings Deposit (FCY)	**% Per Annum**	**Minimum Balance**
USD	5.000	USD 100
GBP	3.750	GBP 100
EURO	3.000	EUR 100
AUD	4.000	AUD 100
CAD	5.000	CAD 100
JPY	2.400	JPY 1000
CNY	6.000	CNY 500
Call Deposit (LCY)	**% Per Annum**	**Minimum Balance**
Current Call Account	Up to 2.552	As per negotiation
Non-Profit Organization Current Call A/C	Up to 2.552	As per negotiation
Call Deposit (FCY)	**% Per Annum**	**Minimum Balance**
USD- Current Call Account	2.500	As per negotiation
GBP- Current Call Account	1.875	As per negotiation
EURO- Current Call Account	1.500	As per negotiation
AUD- Current Call Account	2.000	As per negotiation
CAD- Current Call Account	2.500	As per negotiation
JPY- Current Call Account	1.200	As per negotiation
CNY- Current Call Account	3.000	As per negotiation
Fixed Deposit (LCY)	**% Per Annum**	**Minimum Balance**
3-Year's Recurring Deposit	8.103	Rs. 1,000/-
Short Term Recurring Deposit 6 months	5.000	Rs. 10,000,000/-
100 Days HBL Special FD	6.603	Rs. 100,000/-
200 Days HBL Special FD	8.103	Rs. 100,000/-
HimalRemit Fixed Deposit (1 Year Upto 5 years)	10.103	Rs. 10,000/-

LCY Fixed Deposit	Individuals (% Per Annum)	Institutions (% Per Annum)	Minimum Balance
3 Months	6.603	-	Rs. 10,000/-
6 Months	8.103	6.103	Rs. 10,000/-
9 Months	8.503	6.503	Rs. 10,000/-
1 Year Upto 5 years	8.603	6.603	Rs. 10,000/-
Structure Deposit (3 Months Upto 5 Years)- Individual	8.603	-	- Rs. 5,000,000/- for Individual
Structure Deposit (6 Months Upto 5 Years)- Institution	-	6.603	- Rs. 20,000,000/- for Institutions

Fixed Deposit (FCY)- Individual	% Per Annum	Minimum Balance
USD- 3 Months Upto 1 Year	6.500	USD 500
GBP- 3 Months Upto1 Year	5.250	GBP 500
EURO- 3 Months Upto 1 Year	4.500	EUR 500
AUD- 3 Months Upto 1 Year	5.600	AUD 500
CAD- 3 Months Upto 1 Year	6.250	CAD 500
JPY- 3 Months Upto 1 Year	2.900	JPY 25,000
CNY- 3 Months Upto 1 Year	6.650	CNY 10,000
Fixed Deposit (FCY)- Institution	**% Per Annum**	**Minimum Balance**
USD- 6 Months Upto 1 Year	6.000	USD 500
GBP- 6 Months Upto 1 Year	4.250	GBP 500
EURO- 6 Months Upto 1 Year	4.500	EUR 500
AUD- 6 Months Upto 1 Year	5.600	AUD 500
CAD- 6 Months Upto 1 Year	6.250	CAD 500
JPY- 6 Months Upto 1 Year	2.900	JPY 25,000
CNY- 6 Months Upto 1 Year	6.500	CNY 10,000

Type of Loan	% Per Annum
Demand Loan	Base Rate + up to 5.00%
Export Loan	Base Rate + up to 5.00%
Overdraft	Base Rate + up to 5.00%
Term Loan	Base Rate + up to 5.00%
Short Term Pledge Loan	Base Rate + up to 5.00%
Importer's Loan	Base Rate + up to 5.00%
Revolving Cash Credit	Base Rate + up to 5.00%
Non Revolving Cash Credit	Base Rate + up to 5.00%
STDL - OC	Base Rate + up to 5.00%
SME/ Card Merchant Loan – WC Loan	Base Rate + up to 5.00%
SME/ Card Merchant Loan – FTL Loan	Base Rate + up to 5.00%
SME/ Card Merchant Loan – Importer's Loan	Base Rate + up to 5.00%
HBL Small Personal Business Loan – WC	Base Rate + up to 5.00%
HBL Small Personal Business Loan – Term Loan	Base Rate + up to 5.00%
Educational Institution Financing – WC Loan	Base Rate + up to 5.00%
Educational Institution Financing – FTL upto 15 Yrs	Base Rate + up to 5.00%
Deprived Sector (Retail):	Base Rate + up to 5.00%
Deprived Sector (Institutional):	Base Rate + up to 5.00%
Home Loan upto 10 Years	Base Rate + up to 5.00%
Home Loan above 10 Years	Base Rate + up to 5.00%
Hire Purchase (Private)	Base Rate + up to 5.00%
Hire Purchase (Commercial)	Base Rate + up to 5.00%
Mortgage Loan – Secured Personal Loan	Base Rate + up to 5.00%
Loan against Share of Company listed in Stock Exchange/ Easy Share Loan	Base Rate + up to 5.00%

Type of Loan	% Per Annum
Loan against HBL FD (NPR)	1% above Coupon Rate
Loan against FD/ Bond of other Banks	Base Rate + Upto 2.00% but Min. 2% above Coupon Rate
Loan against Government Bonds	Base Rate + 1.00%
Subidha Loan	Base Rate + up to 5.00%
Loan in Local Currency against FD (FCY)	Base Rate + 0.25%
Loan against First Class Bank Guarantee – Rated Bank	Base Rate + up to 5.00%
Loan against First Class Bank Guarantee – Non Rated Bank	Base Rate + up to 5.00%
Education Loan	Base Rate + up to 5.00%
HBL Farmer's Loan – Fixed Term	Base Rate + up to 5.00%
HBL Farmer's Loan – WC Loan	Base Rate + up to 5.00%
USD Denominated Loan	6 Months SOFR + Upto 5.00%
Personal Loan against Life Insurance / Endowment Policy	Base Rate + up to 5.00%
Consumer Personal Loan (Fixed Rate)	**% Per Annum**
Home Loan (Upto 7 Years)	11.250
Hire Purchase (Private) - Up to 7 Years	11.500
Subidha Loan (Up to 7 Years)	11.500
Education Loan (Up to 7 Years)	11.250
Mortgage Loan – Secured Personal Loan (Up to 7 Years)	12.500
Base Rate	**Applicable Base Rate For Mangsir 2080: 10.86%**

*Conditions Apply

Note:
a) Interest rate applicable on forced loan may vary with risk premium from the published rate.
b) Interest rate in consortium financing as decided by consortium.
c) Interest rate in NPA accounts may vary from the published rate.
d) Penal Interest of plus 2% p.a. will be applied on overdue amount.
e) Risk premium up to plus 3% p.a. may be charged to cases attracting additional provisioning as per regulatory requirement.
f) Bills under import LC (BLC) and other forced loan will attract interest rate of 16% p.a.
g) Interest payment for all types of deposits will be done on a quarterly basis.
h) As per directives of NRB, no pre-mature/withdrawal will be allowed for Institutional Fixed Deposit before end of 6 months.
i) With regard to revision of interest rates on loans, arrangements shall be made to ensure adherence to the directives of NRB which states the interest rate variance on similar loan types should not exceed 2% p.a.

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

Himalayan Bank Limited
Corporate Office, Kamaladi, Kathmandu
Phone No: 01-4246218/19, P.O. Box No. 20590

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

We take care of your INTEREST

Our new Interest Rates on Deposits & Loans
Effective from 1st Poush, 2080 (17th December, 2023)
Published on 30th Mangsir, 2080 (16th December, 2023)

S.N.	Fixed Deposit	Interest Rates (% p.a.)		
		Individual	Institutional	Remittance
1	3 Months	9.50%	-	10.50%
2	6 Months	9.55%	7.55%	10.55%
3	9 Months	9.65%	7.65%	10.65%
4	1 Year	9.80%	7.80%	10.80%
5	2 Years	10.00%	8.00%	11.00%
6	3 Years and Above	10.25%	8.25%	11.25%

Note: Additional 0.5% can be provided for the institutional Bidding

Savings Deposits **6.76% - 7.76% p.a.**
Call Deposits **upto 3.38%**

A. Our new Interest Rate on Lending

Industrial Loan	Premium up to 3.50% p.a. on Base Rate
Agriculture Loan	
Housing Loan	Premium up to 4.00%* p.a. on Base Rate
Hire Purchase Loan	
Trading Loan	
Education Loan	
Margin Lending	
Gold Loan	
Personal Loan	
Deprive Sector	
Foreign Employment	
Loan Against Gov. Bond	Base Rate or Coupon Rate whichever is Higher Plus up to 3%
Loan Against FDC	Coupon Rate Plus up to 3%

B. For Individual borrower availing Term Loan (repayment period above 1 year)

Credit Facilities	Fixed Interest Rate (in %)*		
	Up to 3 Yrs	Up to 5 Yrs	Up to 10 Yrs & above
Housing Loan	14.50 to 15.00	15.50 to 16.00	16.25 to 17.25
Hire Purchase Loan			
Trading Loan			
Industrial Loan			
Education Loan			
Agriculture Loan			
Personal Loan			
Foreign Employment			
Average Base Rate (BR)			13.06%

* Subject to Internal Risk Rating

Note:
1. Interest rate applicable on forced loan may vary with risk premium from the published rate.
2. Interest rate in consortium financing as decided by consortium.
3. Interest rate in NPA accounts may vary from the published rate.
4. Penal Interest of plus 2% p.a. will be applied on overdue amount.
5. **Risk premium up to plus 3% p.a. may be charged to cases attracting additional provisioning as per regulatory requirement.**

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
Hattisar, Kathmandu, P. O. Box: 8867
Tel: 4544039, Fax: 4543414
Email: info@goodwill.net.np

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार ३० मंसिर ०८०
nayapatrikaofficial @naya_patrika

नेपाली कम्निस्टका नौ दु:ख

आफ्नो चरित्रले थेग्न नसक्ने आदर्शको अभिनय गर्नु कम्निस्टको बिछट्टको विशेषतै हो



रवि

कम्निस्टका सुखबारे प्रश्न सोधिएको भए कुरा गर्न सजिलो हुन्थ्यो । जे आँखासामु प्रत्यक्ष छ, त्यसबारे कुरा गर्न सजिलो हुन्छ । साथीको कोट सापटी मागेर, चप्पल पड्काउँदै संसद् पसेको कम्निस्ट एकाध वर्षमै अँगालाभरिका सुनका लाप्सा बोकेर सिंहदरबारबाट बाहिर निस्क्यो । लोकदृष्टिबाट चित्रण गरिएको कम्निस्टको हिजोको चित्र हो यो । आजका सत्ताधारी कम्निस्ट यही चित्रका विस्तारित औतार हुन् । विशाल बंगला, महँगा बिलासी वाहन, विशाल भ्रष्टाचार, विशाल भुँडी, भतुवा पुँजीवादसँगको विशाल मैत्रीभाव, भुइँ नटेक्नुको विशाल गर्व- आजका कम्निस्टका कमाइ भने पनि, विशेषता भने पनि, धाकधक्कुका मुहान भने पनि यिनै हुन् । यी हुन् दुनियाले देखिजानेका र सुनिजानेका कुरा ।

अनि कम्निस्टका दु:ख ? कम्निस्टका दु:खका कुरा कोट्याउन यिनका चिन्तन, चरित्र र आचरणमा दृष्टि घुसाउनुपर्छ । यो गाह्रो र जोखिमपूर्ण काम हो । यिनको चिन्तन, चरित्र र आचरणको भित्री कुरा खोतल्दा यिनका अरिंगाल सेना, साइबर सेना वा गुन्डा सेनाले धाबा बोल्ने खतरा हुन्छ । त्यसैले धाबा आइलागिहाले भाग्ने बाटो र लुक्ने ठाउँ हेर्दै म यिनका केही दु:खको चर्चा गर्छु ।

नेपाली कम्निस्टका दु:ख ठूला, मझौला र खुद्रामसिना छन् । यिनको सबैभन्दा ठूलो दु:ख राष्ट्रवादमा छ । सिद्धान्तमा कम्निस्ट अन्तर्राष्ट्रवादी हुन् । कम्निस्ट घोषणापत्रको पुछारमा मार्क्स-ऐंगेल्सले आह्वान गरे- 'संसारभरिका मजदुरहरू एक होऔं ।' यो आह्वान अन्तर्राष्ट्रवादी हो । हिजोसम्म नेपालका कम्निस्ट मुठ्ठी कसेर गीत गाउँथे- 'मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।' यो गीत अन्तर्राष्ट्रवादी हो । हाम्रै कवि विजय मल्लले पनि 'छोरीलाई मानचित्र पढाउँदा'मा भूगोलका देश छुट्याउने सीमारेखा मान्छेको रगतले कोरिएका हुन् भनी राष्ट्रको बीभत्सताको चित्रण गरेका छन् । यो चित्रणमा अन्तर्राष्ट्रियवादी भावना लुकिबसेको छ ।

नेपाली कम्निस्ट कागतमा र ओठमा अन्तर्राष्ट्रवादी हुन्, व्यवहारमा राष्ट्रवादी । यिनकै शब्दमा, यी महेन्द्रीय राष्ट्रवादी हुन् । यिनको राष्ट्रवादका मुख्यतः दुइटा पहलु छन् । एउटा हो- निर्जीव पहाराको राष्ट्रवाद । अर्को हो- जिउँदा सहदेशवासीप्रतिको द्वेषभावको राष्ट्रवाद । छिमेकी अजिंगरले निलेका पहाराको राष्ट्रवादको कथा गन्जागोल छ । राष्ट्रवादी कम्निस्टहरू यो पहरो आफ्नो हो भनी गर्जनका साथ दाबी गर्छन् । पहरालाई चुच्चे नक्सामा बाँधेर नेपालको मानचित्रमा टाँस्छन् । र सगर्व उद्घोष गर्छन्- 'यो चुच्चेको आविष्कार एक ऐतिहासिक पराक्रम हो । यो चुच्चेलाई फर्काइन्छ । नेपालको एक इन्च माटो पनि छाडिन्न ।' यिनको गर्जनमय दाबी यस्तो छ । तर, कटु यथार्थ के छ ? पहरोभक्षी अजिंगरले नेपालीलाई आफ्नै भूमिको सिमानाको पल्लो छेउसम्म जान दिँदैन । जान खोजे राइफल ताकेर लखेट्छ । अजिंगरले निलेको पहरो फर्काउने पहिलो जुक्ति ऐतिहासिक प्रमाणका आधारमा कूटनीतिक काइदाले अजिंगरसँग बात मारेर जित्नु हो । तर के लाग्छ, दम्भी अजिंगरले बात मार्ने प्रस्तावलाई टेरे पो ! अजिंगरले निलेको पहरो फर्काउने दोस्रो जुक्ति मिचाहा अजिंगरलाई फौजी युद्धमा हराउनु हो । तर के लाग्छ, आफूसँग त्यत्रो फौजी सामर्थ्य भए पो ! अजिंगरले निलेको पहरो फर्काउने तेस्रो जुक्ति राष्ट्रसंघीय सुरक्षा परिषद्मा उजुरी गर्नु वा अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हाल्नु हो । तर, के लाग्छ, हुती भए पो ! तैपनि राष्ट्रवादी कम्निस्टहरूमाझ नित्य अहंकारको टक्कर छ । टक्कर भन्छ- चुच्चेको आविष्कारक म हुँ, तँ होइनस् । निलिएको पहरो फर्काउने शूरवीर म हुँ, तँ होइनस् । यो व्यर्थको गाँड कोराकोरमा, यो व्यर्थको अहंकारमा, यो निस्सार दाबीमा राष्ट्रको थुप्रो समय र ऊर्जा नष्ट भइरहेको छ । तर, जोकोही यो सत्य बोल्न आँट गर्दैन । बोले 'अराष्ट्रवादी'को बात लाग्छ । अजिंगरले निलेका पहराको राष्ट्रवाद र 'चुच्चे'को आविष्कारको पराक्रम चुनावमा जनजनको भावावेगलाई भड्काएर भोट बटुल्न खुबै काम लाग्छ । त्यसैले कम्निस्ट निलिएका पहराको राष्ट्रवाद र 'चुच्चे'को आविष्कारको भजन गाउन बाध्य छन् । यो बाध्यता हो कम्निस्टको पहिलो दु:ख ।

०००

नेपाली कम्निस्टको राष्ट्रवादको अर्को पहलु सहदेशवासीप्रतिको घृणा वा द्वेष वा छिःछिः दूरदूर हो । यो पनि राजा महेन्द्रबाटै नक्कल गरिएको राष्ट्रवाद हो । म श्रेष्ठ नेपाली, तँ तुच्छ अनेपाली । म मौलिक नेपाली, तँ आइलागेको अनेपाली । मेरो भाषा राम्रो, मैरे भेष राम्रो । मेरो पुर्खा राम्रो, मैरे वर्ण राम्रो । म नेपालको एकलौटी मालिक, तँ आइलागेको भतुवा ममाथि आश्रित । श्रेष्ठताको यो अहंकार, सौन्दर्यको यो धाकधक्कु, स्वामित्वको यो गर्जन- यी चुनावमा खुबै बिकाउ माल हुन् । संकीर्ण राष्ट्रवादको मनोरोगले ग्रस्त नेपाली कम्निस्टले आफ्नो पार्टीको नामका पछाडि 'मार्क्सवादी-लेनिनवादी' वा 'माओवादी'को फुर्को गाँस्न छाडेका छैनन् । मार्क्स, लेनिन र माओ भौतिकवादी एवं नास्तिक हुन् । लिखतमा र ओठमा त नेपाली कम्निस्ट भौतिकवादी र नास्तिक हुन् । तर, आचरणमा ? आचरणमा यी धर्मभीरु हिन्दू हुन् । कुनै चटके कम्निस्ट स्वदेशी रामको खोजी गर्दै ठोरीका रामको आविष्कार गर्छ । कुनै साहु कम्निस्ट गेरुवस्त्र धारण गरी भारतका र नेपालका हिन्दू शक्तिपीठमा पूजाआजा गरी ५१ हजार रुपैयाँ दान चढाउँछ । कसैले जनवाद र लोकतन्त्रका मूल्य-मान्यता जब त्याग गर्छ, राजनीतिमा गरिखान ऊ धर्मको शरण पर्छ । धर्मभीरु मतदाताको भावनालाई भड्काएर भोट बटुल्न गेरुवस्त्रे भजन र दान राम्रै फलिफाम हुन्छ । त्यसैले जनवाद र लोकतन्त्रप्रतिको निष्ठाबाट च्यूत भएपछि भ्रष्ट राजनीतिमा गरिखान धार्मिक आवरण भिर्नु र कर्मकाण्डी अभिनय गर्नु कम्निस्टको बाध्यता हो । र यो बाध्यता हो कम्निस्टको चौथो दु:ख ।

०००

आफ्नो चरित्रले थेग्न नसक्ने आदर्शको अभिनय गर्नु कम्निस्टको बिछट्टको विशेषतै हो । सर्वहाराकरण हो यो विशेषता झल्काउने एउटा खाँट्टी उदाहरण । आज त सबैले बिर्से, तर हिजो कम्निस्ट पार्टीमा सर्वहाराकरणको फेसन चलेको थियो । असली सर्वहारा बन्न कम्निस्टले सम्पत्ति पार्टीलाई बुझाउनुपर्ने कडिकडाउ संहिता थियो । यो संहिता लागू गर्ने अभिनय माथि पोलिटब्युरोदेखि सुरु हुन्थ्यो । सर्वहाराकरणको अभ्यासले कम्निस्ट आन्दोलनमा केही अनौठा कथा जन्मायो । सबभन्दा अनौठो कथाका जन्मदाता चित्रबहादुर केसी हुन् । कमरेड केसी बोलाइ, लवाइ र जीवनशैलीमा सादगीका नमुना मानिन्छन् । यी नमुना कमरेडले आफ्नो सर्वहाराकरण एकाध हप्तापछि काजीको सार्वजनिक अभिनयमा विराम लाग्यो । र, अर्को कथा सुन्नमा आयो । कथाले भन्यो- पार्टीको भण्डारमा भएको सबैभन्दा महँगो र बिलासी वाहन कब्जा गरी काजी त्यसमा सवार हुन थाले । यो कथा कति सत्य हो म जान्दिनँ । तर, पार्टीकै जनका मुखाबाट सुनिएको कथालाई असत्य म कसरी भनूँ ? र, यो ढोंगी अभिनय हो कम्निस्टको सातौँ दु:ख ।

०००

कम्निस्ट भतुवा पुँजीवादीको लगानीमा चुनाव लड्छन् । र, सत्तामा भित्रिएर नुनको सोझो गर्दै उही भतुवा पुँजीवादीकै स्वार्थको सेवामा समर्पित हुन्छन् । र, म देश-दुनियाँलाई समाजवादतिर डोऱ्याउँदै छु भनी हाकाहाकी ढोंट्छन् । लाजै नमानी यसरी ढोंट्नु हो कम्निस्टको आठौँ दु:ख ।

सत्तारोहण गर्नलाई जनमत नभएका वा पुँजीवादी सत्तामा नउक्लिने संकल्प गरेका मसिना कम्निस्ट दलहरूका आफ्नै दु:ख छन् । यी मसिनामध्ये धैरैजसो दिशाहीन, क्रियाहीन र सुस्त छन् । जगत्ले देख्ने यिनका गतिविधि केही नै छैनन् । म पनि अझै अस्तित्वमा छु है भनी लोकलाई जनाउ दिन कहिलेकाहीं चार-पाँचवटा मसिनाले नेपाल बन्दको उद्घोष गर्छन् । यिनले नेपाल बन्दको उद्घोष गरेको बेलुकीपख थाहा हुन्छ, दिनभरि केही बन्द भएको देखिँदैन । आफ्नो लोपोन्मुख अस्तित्व प्रदर्शन गर्न वेलावेला यी मसिना हास्यास्पद अभिनय गर्छन् । कहिले यी म अर्को जनयुद्ध छेड्छु भनी धम्की दिन्छन् । धम्कीका पछाडि शक्ति नभएको धम्की वास्तवमा बाँदरे घुर्कीबाहेक केही होइन । अनि कहिले चाहिँ यी मसिना जनअदालतमा आफ्नो मुद्दाको परीक्षण गर्न जनमत संग्रहको माग गर्दै हात पसार्छन् । कम्निस्टले यथास्थितिवादी सत्तासामु हात पसारेर भिख माग्नु लाजमर्दो कुरा हो । तथापि म पनि जगत्मा छु है भनी जनाउ दिने मनसुवाले हास्यास्पद अभिनय गर्नु यी मसिनेहरूको बाध्यता हो । यस्तो हास्यास्पद अभिनय हो कम्निस्टको आठौँ दु:ख ।

०००

कम्निस्ट चरित्रमा संकीर्ण, दम्भी र असहिष्णु ब्राह्मणवादको अंश छ । प्रत्येक कम्निस्ट पार्टी वा गुट आफूलाई शुद्ध र सद्दे ठान्छ । र, अन्य कम्निस्ट पार्टी वा गुटलाई ऊ अशुद्ध र खोटा ठान्छ । आफूलाई यस्तो र अरूलाई त्यस्तो ठान्ने हठाग्रहको आधिकारिकता उसलाई कुन सिद्धान्तबाट वा कुन प्राधिकारबाट प्राप्त हुन्छ, यो कुरा कहिल्यै सोधिँदैन । कसैले सोधिहाले सोध्नेलाई संशयवादी, संशोधनवादी आदिको बात लाग्छ । कम्निस्ट कुरामा मार्क्सवादी छ, व्यवहार र संस्कारमा छ, ऊ ब्राह्मणवादी । कथनी र करणीको यो विरोधाभास हो कम्निस्टको नवौँ दु:ख ।


अहो ! कम्निस्टका दु:ख कति-कति !

(**राजु स्याङ्तान**सँगको कुराकानीमा आधारित)

> कम्निस्टका दु:खका कुरा कोट्याउन यिनका चिन्तन, चरित्र र आचरणमा दृष्टि घुसाउनुपर्छ । यो गाह्रो र जोखिमपूर्ण काम हो । यिनको चिन्तन, चरित्र र आचरणको भित्री कुरा खोतल्दा यिनका अरिंगाल सेना, साइबर सेना वा गुन्डा सेनाले धाबा बोल्ने खतरा हुन्छ । त्यसैले धाबा आइलागिहाले भाग्ने बाटो र लुक्ने ठाउँ हेर्दै म यिनका केही दु:खको चर्चा गर्छु ।

> नेपाली कम्निस्टले आफ्नो पार्टीको नामका पछाडि 'मार्क्सवादी-लेनिनवादी' वा 'माओवादी'को फुर्को गाँस्न छाडेका छैनन् । मार्क्स, लेनिन र माओ भौतिकवादी एवं नास्तिक हुन् । लिखतमा र ओठमा त नेपाली कम्निस्ट भौतिकवादी र नास्तिक हुन् । तर, आचरणमा ? आचरणमा यी धर्मभीरु हिन्दू हुन् ।

विमर्श



खगेन्द्र संग्रौला



'फ्रम रिभर टु द सी प्यालेस्टाइन विल बी फ्री'

नाराको नालीबेली

विश्व



महा नस्सर

'फ्रम रिभर टु द सी प्यालेस्टाइन विल बी फ्री' अर्थात् 'नदीदेखि समुद्र प्यालेस्टाइन हुनेछ स्वतन्त्र'को नारा लगाउने प्यालेस्टिनीले खासमा के भन्न खोजिरहेका हुन् ? यो नारालाई लिएर विवाद भइरहँदा पनि किन फलाकिन्छ ? ७ अक्टुबरमा हमासले इजरायलमा आक्रमण गरेपछि इजरायलले प्रत्याक्रमणमा बमबारीको अभियान नै चलायो। प्यालेस्टिनी इतिहासकी अध्येता एवं प्यालेस्टिनी प्रवासीका नाताले मैले अमेरिका र विश्वभर इजरायलको बमबारी अभियानविरुद्ध चलिरहेको प्रदर्शनमा दशकौं पुरानो नाराले फेरि जीवन पाएको र नाराप्रति फेरि प्रश्न उठेको पाएकी छु।

अमेरिकामा आधारित एन्टी-डिफेमेसन लिगलगायत इजरायल समर्थक समूहले यो नारालाई 'एन्टीसेमेटिक' को अर्थात् यहुदीद्वेषीको संज्ञा दिएका छन्। अमेरिकी कंग्रेसकी एक मात्र प्यालेस्टिनी मूलकी सदस्य रसिदा तलैबले यो नारा बोल्दा निन्दा व्यहोरेकी छिन् र कंग्रेस सदस्यले अभिव्यक्तिकै कारण निन्दा व्यहोर्नु दुर्लभ हो। तर, तलैब र अन्य असंख्यकँ लागि यो नारा कुनै कोणबाट यहुदीद्वेषी होइन। तलैबकै शब्दमा भन्ने हो भने यो नारा 'स्वतन्त्रता, मानवअधिकार र शान्तिपूर्ण सहअस्तित्वको माग गर्ने आकांक्षा हो।' यो नारा प्रयोग गर्ने हरेक नारेबाजको मनमा के छ त्यो म भन्न सक्दिनँ। तर, इतिहासमा विभिन्न प्यालेस्टिनी समूहका लागि यो नाराले के अर्थ राख्छ र हाल यो नारा घन्काउने अधिकांशको अभिप्रायः के हो भनेर भन्नचाहिँ सक्छु।

सरल भाषामा भन्ने हो भने यो नारा प्रयोग गर्ने अधिकांश प्यालेस्टिनी नारामा रहेका शब्दले तिनको व्यक्तिगत साइनोको निचोड, तिनको राष्ट्रिय अधिकार र तिनले प्यालेस्टाइन भन्ने भूमिको परिकल्पना जनाउँछ। यो नारालाई लिएर हुने पहरेदारी एक वास्तविक चिन्ता-चासोबाट निःसृत हुन सक्छ तर यसो हुँदै गर्दा नारा यहुदीद्वेषका रूपमा कलंकित हुने र प्रयोगयोग्य नहुने जोखिम पनि निम्तिन्छ। र, यसले प्यालेस्टिनी आवाजलाई मत्थर बनाउने लामो इतिहासलाई नै निरन्तरता दिन्छ।

यो नारा आकर्षक हुनुका पछाडि एउटा कारण यसले आमप्यालेस्टिनीलाई उसको भूमिसँगको गहिरो व्यक्तिगत साइनो इंगित गर्छ। प्यालेस्टिनी एक-अर्कालाई प्यालेस्टाइनका ती गाउँ-सहरसँग जोड्छन्, जहाँबाट आफू आएका थिए। यी गाउँ-सहरमा पूर्वको जोर्डन नदीछेउका जेरिचो र सफेददेखि पश्चिम भूमध्यसागरछेउका जफा र हैफा पर्छन्। यी गहिरा व्यक्तिगत साइनो पहिरन, पकवान र अरबी भाषाको सूक्ष्म विविधताको पुस्तौंदेखिको उपज हो। यी साइनो आज पनि जीवन्त छन्। प्यालेस्टिनी शरणार्थीका छोराछोरी र नातिनातिना अझै पनि आफ्ना पुर्खा बसेका ठाउँसँग आफूलाई व्यक्तिगत रूपमा जोडिएको पाउँछन्।

नारा भूगोल इंगित गर्ने वाक्यांश मात्रै होइन, यो नारा एक राजनीतिक नारा हो। 'नदीदेखि समुद्र'ले प्यालेस्टिनीलाई आफ्नो गृहभूमिमाथिको अधिकार र एकीकृत प्यालेस्टाइन स्वतन्त्र राष्ट्रको आधार हो भन्ने तथ्यलाई पुनर्स्थापित गर्छ। जब प्यालेस्टाइन सन् १९१७ देखि १९४८मा बेलायती उपनिवेश थियो, तब यो मुलुकका अरब बासिन्दाले बेलायती र सियोनवादी (जायानिस्ट : प्यालेस्टिनी भूमिलाई यहुदी मात्रको राज्य बनाउनुपर्छ भनेर पैरवी गर्नेहरू) स्वार्थअनुरूप अघि सारिएका मुलुकको विभाजनका विभिन्न प्रस्तावको तीव्र विरोध गरेका थिए। यी प्रस्तावका प्रावधानले लाखौं प्यालेस्टिनी अरबलाई आफ्नो थातथलोबाट बेदखल गऱ्यो।

सन् १९४६मा अरब क्षेत्रका सरकारको प्रतिनिधिमण्डलले 'एकीकृत राज्य'को प्रस्ताव गरेका थिए, जहाँ 'लोकतान्त्रिक संविधान'ले सबैलाई 'धार्मिक स्वतन्त्रताको अभ्यास'को प्रत्याभूति गर्नेछ। प्रस्तावअनुसार एकीकृत राज्यमा 'यहुदीलाई हिब्रु भाषालाई दोस्रो आधिकारिक भाषाका रूपमा लागू गर्ने अधिकार' पनि प्रत्यायोजित गरिएको थियो। यसको एक वर्षपछि संयुक्त राष्ट्र संघले प्यालेस्टाइन विभाजनको योजनालाई अनुमोदन गऱ्यो, जसले प्रस्तावित यहुदी राज्यका पाँच लाख प्यालेस्टिनी अरबलाई आफ्नै थातथलोमा अल्पसंख्यक भएर बस्ने वा थातथलो छोड्ने दुई विकल्पका अगाडि उभ्यायो। अरबी विद्वान् इलियट कोलाका अनुसार यही परिस्थितिका कारण एकीकृत स्वतन्त्र प्यालेस्टाइन सतहमा आएको हो।

सन् १९४८को युद्धले इजरायली राज्यको निर्माण गऱ्यो, जहाँ करिब सात लाख ५० हजार प्यालेस्टिनी अरबले आफ्नो थातथलो छोडे वा तिनलाई बेदखल गरियो। युद्धको अन्त्यसम्ममा प्यालेस्टाइन तीन भागमा विभाजित भयो। ७८ प्रतिशत भूमि यहुदी राज्य इजरायल बन्यो र बाँकीको क्षेत्र जोर्डन वा इजिप्टको अधीनमा रह्यो।

सम्भवतः नारालाई हमासले अंगीकार गरेका कारण केहीले नारालाई नरसंहारको आह्वानका रूपमा लिएका छन्, अर्थात् 'यहुदीबाट मुक्त प्यालेस्टाइन' बुझेका छन्। ७ अक्टुबरमा हमासको आक्रमणमा करिब एक हजार दुई सय मानिस मारिएको (इजरायली सरकारी आँकडाअनुसार) सन्दर्भमा यो भयको सिर्जना हुनु भनेको असामान्य भने होइन। तर, अरबी मूल भाषामा उच्चारण हुने 'फिलस्तिन हुर्रा'ले स्वतन्त्रता हासिल गरेको प्यालेस्टाइनको अर्थ दिन्छ। तर '...बाट मुक्त'को अरबी अनुवाद नै भिन्न हुन्छ। नाराका अन्य आलोचक इजरायलको अस्तित्वको अधिकारलाई अस्वीकार गरेर नारा यहुदीद्वेषी बन्यो भन्ने दलिल पेस गर्छन्। यो अवधारणाअन्तर्गत प्रदर्शनकारीले इजरायललाई नै प्रतिस्थापित गर्ने नाराको सट्टा इजरायलसँग सहअस्तित्व हुने प्यालेस्टिनी राज्यको माग गर्नुपर्छ। तर, यो अवधारणाले मौजुदा यथार्थलाई बेवास्ता गर्छ। अहिलेको समयमा दुई राज्यीय समाधान सम्भव छैन भन्नेमा बलियो प्राज्ञिक मतैक्यता देखिन्छ। यी प्राज्ञ वेस्ट बैंकमा फैलिएको अवैध यहुदी बस्ती र गाजाको आर्थिक अवस्थाले परिकल्पित प्यालेस्टिनी राज्यको एकता र व्यावहारिकतालाई समाप्त पारिसकेको छ भन्नेमा एकमत छन्।

(नस्सर एरिजोना विश्वविद्यालयको स्कुल अफ मिडल इस्टर्न एन्ड नर्थ अफ्रिकन स्टडिजकी सहप्राध्यापक हुन्। 'द कन्भर्सेसन'मा प्रकाशित यो लेख ***दिनेश पन्त****ले अनुवाद गरेका हुन्।)*

नाराविरुद्ध एउटा अर्को पनि तर्क छ- नारा आफैंमा यहुदीद्वेषी नभए पनि केही यहुदीले खतरा महसुस गर्ने भएकाले यसको प्रयोगमा रोक लगाउनुपर्छ। तर, यस्तो तर्कले मेरो विचारमा एक समूहको भावनालाई उपेक्षा गरेर अर्को समूहको मूल्यमा विशेषाधिकार दिन्छ।

वर्तमान मेयरलाई
निवर्तमान मेयरको सुझाव

ठेलामा तरकारी बेच्नेको रुवावासी गराएर

समस्याको समाधान हुँदैन भन् बल्झिन्छ



स्थानीय तह निर्वाचन भएको डेढ वर्ष भएको छ। काठमाडौं महानगर तथा धरान र धनगढी उपमहानगरमा स्वतन्त्र उम्मेदवार मेयरमा विजयी भए। अहिले पनि यी पालिकाकै चर्चा बढी हुने गर्छन्। काठमाडौंका मेयर बालेन साह सामाजिक सञ्जालमा बढी छाइरहन्छन्। उनले लेखेका स्टाटसमाथि मानिस पक्षविपक्षमा बाँडिन्छन्। कतिपय स्टाटस विवादित पनि बन्छन्। **मेयर बालेनको कार्यकाललाई निवर्तमान मेयर विद्यासुन्दर शाक्यले कसरी मूल्यांकन गरेका छन् ?**

प्रेम गौतमसँगको कुराकानीमा शाक्यले मेयर साहलाई केही सुझाव दिएका छन् :



काठमाडौं महानगरपालिकामा मेरो कार्यकालमा अगाडि बढाएका धेरै कामले अहिले निरन्तरता पाइरहेका छन्। नीति तथा कार्यक्रम र बजेट हेर्दा पनि धेरै कार्यक्रम पहिलेकै निरन्तरता देख्न पाइन्छ। सम्पदा संरक्षण, पूर्वाधार निर्माण, विद्यालय सशक्तीकरण, सामुदायिक अस्पतालको स्तरोन्नति, पर्यटन प्रवर्द्धन, हरेक वडामा पार्क, हरेक वडामा क्लिनिकलगायतका कामले निरन्तरता पाएका छन्। हामीले अगाडि बढाएका केही काम छुटेका पनि छन्। हाइमास्ट जडान गर्ने भनेर अघिल्लो कार्यकालमै टेन्डर भएको थियो। स्मार्ट लाइट राख्ने सम्बन्धमा काठमाडौं महानगरपालिका, विद्युत् प्राधिकरण र सडक विभागबीच त्रिपक्षीय सम्झौता ०७७ सालमै भएको थियो। काठमाडौं महानगरपालिकाको आफ्नै भवन बनाउने प्रक्रिया अगाडि बढाएका थियौं। पार्किङ भवन पनि आफ्नै बनाउने भनेर टेन्डर भएको थियो। यी कामले पूर्णता पाएका छैनन्।

काठमाडौंका विभिन्न ठाउँमा दमकल भवन बनाउने भनेर प्रक्रिया सुरु गरेका थियौं। बौद्ध, बालाजुमा दमकल स्टेसन बनायौं, अन्य स्थानमा पनि बनाउने कुरा थियो। दमकल कार्यालयको भवन पनि ज्यादै जीर्ण भइसकेको छ। हामीलाई विपत् पऱ्यो भने एक कल फोनको भरमा उठेर आउनुपर्ने दमकल कर्मचारीलाई खाने, बस्ने, सुत्ने ठाउँ राम्रो छैन। त्यसलाई राम्रो बनाउनुपर्छ भनेर मैले टेन्डर गरेको थिएँ। त्यो कामले पनि पूर्णता पाएको छैन। म मेयर हुँदा दुइटा नयाँ प्रोजेक्ट पनि ल्याएको थियौं। नगर-नगर साझेदारी र अन्य पालिकालाई सम्पदा र हरियाली संरक्षणमा सहयोग। नगरपालिकाको प्रोजेक्टमा काठमाडौं महानगरपालिकाले हरेक वर्ष एक-एक करोड न्यूनतम लगानी गर्ने सहमति गरेका थियौं। त्यसबाहेक सातवटै प्रदेशका एक-एक पालिकामा भगिनी सम्बन्ध कायम गरेर सहयोग गर्ने। जसरी विदेशीले हामीलाई सहयोग गर्दा हामी दंग हुन्छौं। महानगरपालिका आफैं सक्षम छ। डेढ-डेढ करोड दिँदा महानगर गरिब हुँदैन। पाँचवटा पालिकासँग मैले सहकार्य गरेँ। अहिले त्यसले निरन्तरता पाएन भन्ने सुनेको छु। यहाँको पैसा बाहिर लग्यो भन्ने पनि होला। विदेशको पैसा यहाँ ल्याउँदा हामी खुसी हुने, अनि यहाँको पैसा छिमेकी नगरपालिकालाई सम्पदा संरक्षण, हरियाली संरक्षणमा सहयोग गर्दा दुःखी हुनुपर्ने होइन। महानगरको कामलाई अवरोध नहुने गरी सहयोग गर्न सकिन्छ।

फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन भएन

उपत्यका नगरपालिका फोरमको अध्यक्षको हैसियतले डेलिगेसन गएर फोहोर व्यवस्थापनबारे प्रधानमन्त्री, मन्त्रीलाई भनेका थियौं। त्यसपछि हामीले बन्चरेडाँडामा व्यवस्थापन गर्ने स्थल बनायौं। वैज्ञानिक रूपमा फोहोरमैला व्यवस्थापन गर्छौं भनेर सबैले भन्छन्। तर, केही पनि भएको छैन। त्यसले छिटो पूर्णता पाओस्। यदि, हामीले हिजो अगाडि बढाएको प्रोजेक्ट ठीक छैन भने त्यसको विकल्प के हो ? त्यो दिनुपर्छ। अहिले न अगाडि बढ्न सकेको छ, न पछाडि हट्नै सकेको अवस्था छ। डेड वर्ष समय बितिसक्यो। भन्न त एक महिनामा यो गर्छौं, अर्को महिनामा यो भनेर भन्नुभयो, तर ठोस रूपमा अहिलेसम्म केही पनि भएको छैन। अहिलेकै स्थितिमा रहने हो भने भोलि फेरि फोहोरको समस्या आउँछ। फोहोर-मैलाको दीर्घकालीन योजना बनाएर जानुपर्छ। वैज्ञानिक रूपमा फोहोर प्रशोधन हुनुपर्छ। महानगरवासीको दीर्घकालीन हितका लागि भएको निर्णयले निरन्तरता पाउनुपर्छ।

रिजल्ट आउने गरी काम हुनुपऱ्यो

म हुँदा ससाना कुरामा पनि विरोध धेरै भए। अहिले त विरोध छैन। अवरोध छैन। अभियन्ताहरूले पनि मुद्दा हालेर हैरान पारे। अहिले त त्यस्तो अवस्था छैन। तर, पनि रिजल्ट आएन। हिजो रिजल्ट दिन खोज्दा पनि कतिपय अवस्थामा मुद्दाका कारणले दिन सकिएन। हिजो मैले शिलान्यास गरेका काम अहिले उद्घाटन भइरहेका छन्। मैले सुरु गरेका काम अहिले देखिएका छन्। अहिले योचाहिँ भयो भनेर नयाँ केही भएको त छैन। हिजो म मेयर हुँदा अनावश्यक विवाद धेरै झेलेँ। रानीपोखरी बनाएँ, त्यहाँ विवाद भयो। रानीपोखरी बनाएपछि घुम्ने ठाउँ बनाउनुपर्छ भनेर बनाइयो। ३६५ दिनै खोल्ने, बत्ती बाल्ने, बर्नेंचा बनाउने, शौचालय बनाउने, क्याफे बनाउने भनेको थिएँ। त्यो वेला बनाउन पाइएन। प्रताप मल्लको पालामा जस्तो छ, त्यस्तै बनाउनुपर्छ। बत्ती पनि बाल्न पाइँदैन भन्थे। अहिले बिहान दुई घन्टा खुल्दा सबैले राम्रो भनेका छन्। अहिले मर्निङवाकमा म पनि जान्छु। आफैंले बनाएको ठाउँमा जाँदा रमाइलो पनि लाग्छ। ज्येष्ठ नागरिक घुम्न आउँछन्। धुलो उड्दैन। मेयरसाब शौचालय बनाइदिनुपऱ्यो भनेर मलाई भन्न आउँछन्। शौचालय बनाउन नदिनेलाई 'पापीहरू' भनेर अहिले गाली गर्छन्। हिजो मैले खोल्छु भन्दा विरोध भयो, अहिले कसैले बोलेको छ ? कमलपोखरी बनाउँदा पनि त्यस्तै विरोध भयो। बनाउनै नदिन मुद्दा हाल्न गए।

टुँडिखेल बेचेर खायो भन्ने आरोप पनि भोगेँ। कतिपय माननीय पनि लागे। सरकारी प्रोजेक्ट दरबार हाई स्कुल र वीर अस्पतालको निर्माण सामग्री राख्न र त्यहाँ काम गर्नेहरूलाई बस्नका लागि अस्थायी रूपमा ठाउँ दिइएको थियो। त्यही ठाउँ दिँदा बेचेर खायो भन्ने आरोप लाग्यो। अहिले पनि धरहरा बनाइरहेखेका छन्, निर्माण सामग्री त टुँडिखेलमा राखिरहेका छन्। अहिले कसैले बोलेको छ ? टुँडिखेल बेचेर खायो भनेर अहिलेको मेयरलाई भनेको छ ? हिजो राजनीतिक रूपमा आग्रह-पूर्वाग्रह हुन्थ्यो, अहिले त्यस्तो नभएको अवस्थामा रिजल्ट हिजोको भन्दा छिटो आउनुपर्ने हो। तर, आइरहेको छैन।

समय व्यवस्थापन गरौं, उत्तरदायित्व नभुलौं

अहिले अवैतनिक सल्लाहकार धेरै छन्। अवैतनिक सल्लाहकार राख्नु कत्तिको उचित-अनुचित छलफलको विषय होला। जस्तै, तपाईं एउटा गरिखाने वर्ग, तपाईंलाई पाँच वर्षमा एक पैसा नदिई काम लगाउँदा के हुन्छ होला ? त्यसबाट के अपेक्षा गर्ने ? परिणाम के होला ? म अवैतनिक सल्लाहकारको पक्षमा छैन। काम गराएपछि उसलाई पारिश्रमिक दिनुपर्छ कि काम लगाउनै हुँदैन। स्वयंसेवा भनेको एक-दुई दिन, एक-दुई महिना होला, पाँच वर्ष हुन्छ ? पाँच वर्षसम्म अवैतनिक सल्लाहकारले के गर्लान् ? एक पैसा नलिई कहाँबाट त्याए खर्च गर्छन् ? पाँच वर्षसम्म पछि लागेर के पाएँ भन्ने प्रश्न भोलि अवश्य उठ्छ।

हिजो तपाईंलाई भेट्न जति सजिलो थियो, आज त्यस्तो अवस्था छैन भन्ने नागरिकको गुनासो छ। मिडियाले पनि त्यही भन्दै छन्। मैले त समय व्यवस्थापन गरेर ढिलोचाँडो समय दिन्थेँ। आज त मिडियाले समय नै पाउँदैनन्। मेयरले नागरिक उत्तरदायित्व भुल्नुहुँदैन।

कर उठाएपछि महानगरवासीलाई सुविधा दिनुपऱ्यो

महानगर समृद्ध हुँदा हामी महानगरवासी सबै समृद्ध हुने हो। बोलेर होइन, गरेर समृद्धितर्फ जानुपर्छ। त्यसका लागि म मेरोतर्फबाट सहयोग गर्न तयार छु। राम्रो गर्नेलाई सबैले सहयोग गर्नुपर्छ। यहाँ पक्ष-प्रतिपक्ष भन्ने कुरा हुँदैन। असहयोग र सबैप्रति शंका गरेर

साप्ताहिक राशिफल

३० मंसिर (शनिबार) - ६ पुस (शुक्रबार)



• सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको सुरुवाती दिनमा कुनै नयाँ उद्योग वा व्यवसायको थालनी नगर्दा नै राम्रो हुनेछ। धार्मिक भ्रमणका क्रममा नयाँ सम्बन्ध जोडिने योग छ। बुधबार र बिहीबार गोप्य रूपमा गरिएका लगानीले फाइदा पुग्नेछ। छरछिमेकसँग असमझदारी बढ्न सक्छ। कानुनी झैझमेलाबाट विजयी हुने योग छ। साताको अन्त्यमा पारिवारिक जीवन संतोषप्रद हुनेछ। विदेशबाट राम्रो समाचार प्राप्त हुनेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

यो साता गुमेको वा सापटीमा गएको धन फिर्ता आउनेछ। बौद्धिक र प्राज्ञिक क्षेत्रमा राम्रो छ। मेवा-मिष्ठान्न परिकार मिल्नेछ, भेटघाट फलदायी रहनेछ। साताको अन्त्यमा भने घुमघाम र मनोरञ्जनका क्रममा निराशा भोग्नुपर्ने समय रहेकाले सावधानी अपनाउनु पर्नेछ। सेयर बजारमा गरिएको लगानी छोटो समयका लागि निकै फाइदाजनक रहनेछ। आफूले निर्णयले गरिएका लगानीबाट धन आर्जनको योग छ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

यो साता धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ। रोकिएको काम बन्नेछ। आफन्त वा साथीभाइबाट सहयोग पाइनेछ। यात्राको सम्भावना छ। सामाजिक र पारिवारिक सम्बन्ध सुदृढ हुनेछ। साताको अन्त्यमा खर्च बढ्न सक्छ। प्रशासनिक झैझमेला वा आरोप व्यहोर्नुपर्ने हुन सक्छ। प्रेम सम्बन्धमा तिक्तता आउने योग छ। लामो दूरीको यात्रा हानिकारक बन्न सक्छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

मनोरञ्जक क्रियाकलापबाट साताको सुरुवात हुनेछ। समस्यासित जुध्नुपर्ने परिस्थिति छ। लेनदेनमा विवाद हुनेछ। साताको उत्तरार्ध अनुकूल रहनेछ। परोपकारका क्षेत्रमा आकर्षण बढ्नेछ। अप्रत्याशित काम बन्ने योग छ। इच्छाएको जिम्मेवारी प्राप्त हुन सक्छ। खानपानमा खर्च गर्न मन लाग्नेछ। साथीभाइ र नातेदारबाट सहयोग प्राप्त हुनेछ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको प्रारम्भमा नै शुभ समाचार सुन्न पाइनेछ। शत्रुहरू पराजित हुनेछन्। सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ। नयाँ सम्बन्ध जोडिने योग छ। बुधबार र बिहीबार अचानक स्वास्थ्य कमजोर हुन सक्छ। साताको अन्त्यमा अचानक धन प्राप्तिको योग छ। आफन्त र मित्रसँग रमाइलो भेटघाट हुनेछ। यो साता दौडधुप गर्नुपर्ने समय छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको सुरुवातमा धन हानिको योग छ। बनिसकेका काम बिग्रनेछन्। बुधबार र बिहीबार कामबाट राम्रो प्रतिफल प्राप्त हुनेछ। यात्रा फलदायी रहनेछ। साताको अन्त्यमा स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने योग छ। बोलेको कुराले विपरीत अर्थ लाग्नाले सम्बन्धमा तिक्तता आउन सक्छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको प्रारम्भमा फाइदा हुने योग छ। वैदेशिक यात्रा प्रारम्भ हुनेछ। सोमबार र मंगलबार समय उत्साहवर्धक रहनेछ। नयाँ ज्ञान प्राप्त हुने योग छ। बुधबार र बिहीबार झैझगडा र मनमुटाव बढ्ने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। शुक्रबारपछि प्रेमसम्बन्धमा शुभ समाचार सुन्न पाउनु हुनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको सुरुमा सामाजिक कामबाट मानसम्मान र प्रशंसा जुटाउन सकिनेछ। साताको उत्तरार्धमा घरपरिवारमा खुसीको वातावरण सिर्जना हुनेछ। भावनात्मक क्रियाकलापमा समय व्यतित हुनेछ। आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ। रोकिएका काम सुचारु हुनेछन्। पढाइमा राम्रो प्रगति हुनेछ। शुक्रबार र शनिबार भने राम्रो समय छैन। निर्माण क्षेत्रमा गरिएका लगानीबाट फाइदा पुग्नेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धनधान्य र सुख-सम्मृद्धि जुटाउन मद्दत मिल्ने साता छ। वैदेशिक क्षेत्रबाट लाभ मिल्न सक्छ। अभिभावकसँगको सम्बन्धमा सुधार आउनेछ। बिहीबार घरायसी समस्या उत्पन्न हुनेछन्। विलासिता र मनोरञ्जनका लागि समय र धन खर्च हुन सक्छ। सेयर बजामा लगानी गर्दा भाग्यको पूर्ण साथ रहनेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा पढाइलेखाइमा प्रगति हुनेछ। मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ। सुन, चाँदी वा अन्य धातुको कुनै वस्तु खरिद गर्दा लाभ प्राप्त हुनेछ। रमाइलो यात्राको योग छ। पुराना साथीभाइसित भेटघाट हुन सक्छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुनेछ। शुक्रबार र शनिबार घरगृहस्थीमा धेरै समय खर्चनु नै बुद्धिमानी हुनेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको सुरुवातमा लगानीको वातावरण बन्नेछ। नातेदार र कुटुम्बले काममा सहयोग गर्नेछन्। साथीहरूसित मनोरञ्जनको अवसर जुर्नेछ। व्यापारबाट लाभ हुन सक्छ। मित्रशक्ति र कुटुम्बबाट साथ सहयोग पाइनेछ। आगामी शुक्रबार र शनिबार कृषिकार्यतिर मन जानेछ। घरायसी कामधन्दा र पारिवारिक आवश्यकता पूर्तिका लागि खट्नु पर्नेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको सुरुवातमा आतिथ्यपूर्ण सम्मान र मीठो भोजन प्राप्तिको योग छ। व्यवसाय र पेसाबाट राम्रै प्रतिफल प्राप्त हुनेछ। काम गर्न जाँगर चल्नेछ। प्रेमको बन्धनमा बाँधिने योग रहेकाले घरमा खुसियाली छाउनेछ। साताको अन्त्यमा शुभ समाचार सुन्न पाइने योग छ। समग्रमा यो साता फलदायी रहनेछ।



महानगरको काम संस्थागत हो, व्यक्तिगत होइन । अहिले व्यक्ति हाबी हुने, संस्थागत रूपमा काम नहुने स्थिति बन्यो ।

महानगरले भूमि आयोगसँग सम्झौता गरेर सुकुमवासी बस्तीमा नछुने, डोजर नचलाउने भनेर सम्झौता गर्ने । अनि, जनतालाई ढाँट्नका लागि डोजर पठाउने ?

पैदल यात्रुलाई असर नपर्ने गरी समय मिलाएर फुटपाथ व्यापार गर्नु भनेर मैले सहमति दिएको थिएँ । अहिलेजस्तो लखेटालखेट, खोसाखोसको स्थिति थिएन । श्रम गरेर खाने बाटो हामीले बन्द गरिदिनु हुँदैन । यदि, सहज रूपमा हुन्छ भने कोही मान्छे फुटपाथमा किन बस्छ ?

इन्द्रजात्रा अन्तर्राष्ट्रियकरण गर्ने म हुँ । तर, अहिले इन्द्रजात्राभन्दा व्यक्तिको चर्चा हुन्छ । सयौँ नगर प्रहरी लगाएर हाहाहुहु गरिन्छ । आफैँ देशको सर्वेसर्वाजस्तो सर्वोच्च संस्था राष्ट्रपति, देशको कार्यकारी प्रधानमन्त्रीलाई बदनाम गराउने काम हुन्छ । अनि आफूचाहिँ हुलका हुल मान्छे बटुलेर लैजाने र चर्चा गर्ने ? त्यसले विकृति ल्याउँछ । त्यस्तो काम नगर्दै राम्रो हुन्छ ।

हिजो मैले शिलान्यास गरेका काम अहिले उद्घाटन भइरहेका छन् ।

सहकार्य, समन्वय गर्न गाह्रो हुन्छ । त्यसैले सबैलाई मिलाएर जानुपर्छ । महानगर हामी सबैको हो । जसले प्रतिनिधित्व गरे पनि महानगरवासीको प्रतिनिधित्व गर्ने हो । महानगरवासीलाई कस्तो सुविधा दिएर जाने हो ? दिने कति हो र लिने के हो ? महानगरवासीसँग महानगरले राजस्व लिन्छ । त्यसबापत सेवा-सुविधा दिन्छौं । लिने-दिने अनुपात कस्तो हुन्छ ? तपाईंले तिरेको करले सन्तुष्टि पाउनुहुन्छ कि हुँदैन ? मैले तिरेको करले मेरो सहर यस्तो बन्यो भनेर खुसी हुने वातावरण बनाउनुपर्छ ।

मेयरको आदेशअनुसार सबै चल्नुपर्छ भन्ने जरुरी छैन

अहिले महानगरपालिकामा चार पक्ष छन् । पहिलो, स्वतन्त्र मेयर । दोस्रो, एमालेबाट उपमेयरसहित वडाध्यक्ष, सदस्य । तेस्रो कांग्रेसको वडाध्यक्ष र सदस्य र चौथो एकीकृत समाजवादीको वडाध्यक्ष र सदस्य । मेयर कार्यकारी, वडाध्यक्ष वडामा कार्यकारी । समग्र नीति-निर्माण जनप्रतिनिधि सबै हो । नीति-निर्माणमा त्यति लागिरहेको देखिएको छैन । उपमेयर, वडाध्यक्ष र सदस्यको भूमिका गौणजस्तो देखिएको छ । मिडियामा पनि संस्थाभन्दा व्यक्ति हाबी भएको देखिन्छ । खासमा संस्था हाबी हुनुपर्ने हो । महानगरको काम संस्थागत हो, व्यक्तिगत होइन । अहिले व्यक्ति हाबी हुने, संस्थागत रूपमा काम नहुने स्थिति बन्यो ।

इन्द्रजात्रा अन्तर्राष्ट्रियकरण गर्ने म हुँ । तर, अहिले इन्द्रजात्राभन्दा व्यक्तिको चर्चा हुन्छ । सयौँ नगर प्रहरी लगाएर हाहाहुहु गरिन्छ । आफैँ देशको सर्वेसर्वाजस्तो सर्वोच्च संस्था राष्ट्रपति, देशको कार्यकारी प्रधानमन्त्रीलाई बदनाम गराउने काम हुन्छ । अनि आफूचाहिँ हुलकाहुल मान्छे बटुलेर लैजाने र चर्चा गर्ने ? त्यसले विकृति ल्याउँछ । त्यस्तो काम नगर्दै राम्रो हुन्छ ।

म ०४९ सालमा पहिलोपटक वडाध्यक्ष भएको थिएँ । त्यही वेला प्रशासनिक रूपमा भित्र बसेर बुझ्न पाएँ । त्यसपछि ०५४ सालमा पनि वडाध्यक्ष भएँ । निर्वाचन नभएको बीचको समयमा दलीय संयन्त्रमा मलाई पार्टीले पठायो । अन्य पार्टीसँग सहकार्य र समन्वयको वातावरण बन्यो । एकले अर्कालाई स्वीकार गरेर जानुपर्छ भन्ने भावनाको विकास भयो । मेयर हुँदा पनि सबैसँग समन्वय गरेर अगाडि बढैं । मैले पाँच वर्ष कुनै पनि पार्टीलाई गाली गरिनँ । उपमेयर र वडाध्यक्षलाई पनि कहिल्यै गाली गरिनँ । आरोप-प्रत्यारोपमा म कहिल्यै लागिनँ । वडाध्यक्ष र उपमेयरले पनि जनतासँग प्रतिबद्धता गरेरै जितेर आएको हुन्छ । सबैसँग सहकार्य गर्नुपर्छ । संघीय र प्रदेश सरकारसँग पनि सहकार्य गर्नुपर्छ । म मेयर भइसकैं, अब मेरो आदेशअनुसार सबै चल्नुपर्छ भनेर चलाउन सकिँदैन । स्वतन्त्र भएर पनि काम गर्ने अवसर छ । त्यसमा ठाँडो आदेश होइन, तेर्सो सहकार्यबाट चलाउनुपर्छ । अहिले त्यस्तो देखिएन । सबैलाई आरोप-प्रत्यारोप, सबैलाई गाली गरेर अगाडि बढ्न सकिँदैन । मनोबल गिराएर होइन, कारबाही गर्नुपर्ने हो भने गरेर देखाउनुपर्छ । होइन भने, मनोबल गिराएर काम नगर्ने परिस्थिति बनाउनु हुँदैन ।

बाँकी सबै चोर डाँका हुन्, सिस्नुमा फालिदिन्छु भनेर सहकार्य हुँदैन

कानुनले मेयर पदलाई चिन्छ । व्यक्ति कुन पार्टीको भनेर चिन्दैन । प्रधानमन्त्री धेरै फेरिएको देख्यौँ, कुर्सी त एउटै हो । संविधान र कानुनले दिएको अधिकार प्रयोग गर्ने हो । मेयरको हकमा पनि त्यही हो । त्योभन्दा बाहिर केही गर्न पाउँदैन । तोकिएको जिम्मेवारी पूरा गर्ने हो । अहिलेको प्रधानमन्त्री मेरो पार्टीको होइन, तर मैले प्रधानमन्त्री मान्नुपर्छ नि । भोलि प्रतिस्पर्धा होला, तर अहिले त प्रधानमन्त्री हो । वितृष्णा फैलाउने गरी सबैलाई चोर, डाँका, सबैलाई सिस्नुमा फालिदिन्छु भनेर सहकार्य, समन्वय बिग्रन सक्छ । भोलि एक्लो हुने स्थिति बन्छ । चोरसँगसँगै बस्न मिल्ने कि नमिल्ने ? आफ्नो बोलीले भोलि आफैँलाई पोल्छ । त्यसकारण बोल्दा धेरै विचार पुऱ्याएर बोल्नुपर्छ । प्रमाणित गर्न नसक्ने विषयलाई होच्याउने नाममा, गिराउने नाममा विशेषण जोड्दैँला, त्यो क्षणिक हुन्छ । भोलि तपाईंसँग म आँखा जुधाएर बस्न सक्दिनँ । बदमास भनिसकेपछि भोलि सँगै जाऔँ भनेर कसरी भन्न सकिन्छ ? कसैलाई नगिराई आफूले गर्ने काममा अगाडि बढ्नुपर्छ ।

जनतालाई ढाँट्ने काम नगरौँ

म आबद्ध पार्टी एमाले मजदुर, किसान, निम्नवर्गका जनतासँग आश्रित पार्टी हो । म मेयर हुँदा सुकुमबासी र गरिबप्रति निर्मम भइनँ, हुन पनि सक्दिनँ । उहाँहरूलाई व्यवस्थापन गर्ने हो । उहाँहरूको समृद्धिको कुरा गरेर निर्वाचन जित्ने अनि गरिबी निवारण गर्नुको साटो गरिबलाई निवारण गर्न मिल्दैन । सुकुमबासी बस्तीमा डोजर नचलाएको आरोप पनि ममाथि लाग्यो । मैले डोजर नचलाएकै हो । चुनावको वेला घर बनाइदिन्छु भन्ने अनि चुनाव जितेर मेयर भएपछि डोजर चलाउनुभयो भने जनताले मूल्यांकन कसरी गर्छन् ? पाँच वर्ष त टिक्ला, त्यसपछि त गाह्रो हुन्छ नि ।

सुकुमबासी समस्या महानगरको मात्रै समस्या होइन, सिंगो देशको समस्या हो । संघीय सरकारले राष्ट्रिय भूमि आयोग बनाएको छ । मैले मेरा आफ्ना विषय नसमेटिने भएपछि भूमि आयोगसँग सम्झौता गरिनँ । अहिलेको नयाँ नेतृत्व आएपछि भूमि आयोगसँग सम्झौता गऱ्यो । महानगरपालिकाले भूमि आयोगसँग सम्झौता गरेर सुकुमबासी बस्तीमा नछुने, डोजर नचलाउने भनेर सम्झौता गर्ने । अनि, जनतालाई ढाँट्नका लागि डोजर पठाउने ? भूमि आयोगसँग गरेको सम्झौतामा काठमाडौं महानगरपालिकाको काम भनेको लगत संकलन गरेर सरकारलाई बुझाउने मात्रै हो । लगत संकलन नगर्ने अनि जनतालाई ढाँट्नका लागि यहाँका नेवार उठ्नुपऱ्यो, हामीलाई पेल्यो भनेर उचालेर हुन्छ ? कि संघीय सरकारले गरेको काम चित्त बुझेन भन्नुपऱ्यो, कि भूमि आयोग नराख भन्नुपऱ्यो । कि भूमि आयोगसँग गरेको सम्झौता भंग गर्नुपऱ्यो । एकातिर फर्म भरेर म बुझाउँछु भनेर सम्झौता गर्ने अर्कोतिर डोजर देखाएर जनताको सहानुभूति बटुल्न खोज्ने काम गर्नुहुँदैन । दोहोरो नीति लामो समय टिक्दैन ।

गरिबले पनि गरिखानुपर्छ

देशमा गरिखाने स्थिति रहेन, विदेश पलायन भए भनेर सबैले भनिरहेको अवस्था छ । गाउँ खाली थियो, सहर पनि खाली हुने स्थिति आउन लाग्यो भनेर चिन्ता जाहेर भइरहेको छ । हामी आएपछि बाहिर गएकालाई नेपाल फर्काउँछौँ भन्ने नारा पनि सुनियो । जनताले जिताए पनि, तर बिदेसिने क्रम रोकिएको छैन । क्षणिक रूपमा भ्रम पार्न सकिन्छ । तर, त्यो दीर्घकालीन हुँदैन । पैदलयात्रुलाई असर नपर्ने गरी समय मिलाएर व्यापार गर्नु भनेर मैले सहमति दिएको थिएँ । अहिलेजस्तो लखेटालखेट, खोसाखोसको स्थिति थिएन । श्रम गरेर खाने बाटो हामीले बन्द गरिदिनुहुँदैन । यदि, सहज रूपमा हुन्छ भने कोही मान्छे फुटपाथमा किन बस्छ ? सडकमा बसेर तरकारी बेच्ने, फलफूल बेच्ने, लुगा बेच्ने, मकै पोलेर बेच्ने त्यति सजिलो काम होइन । कति बजे उठेर आउँछन्, कति बजे घर जान्छन् थाहा छैन । त्यस्ता व्यक्तिको स्वरोजगार खोस्ने काम गर्नुहुँदैन । बाटो बन्द नहुने गरी काम गर्न दिनुपर्छ । बरु, समय तोक्न सकिन्छ, ठाउँ तोक्न सकिन्छ । पैदलयात्रुलाई यात्रा गर्न अवरोध नहुने गरी व्यवस्थापन गर्नुपर्छ । रुवाबासी गराएर, लुटपाट मच्चाएर समस्याको समाधान हुँदैन, झन् बल्झिन्छ । सुकुमबासी, फुटपाथ व्यापारीलाई गरिखाने वातावरण सरकारले बनाइदिनुपर्छ । केन्द्रीय सरकारले नगरेका कारण काठमाडौंले बोझ बोक्नुपरेको छ । त्यसो भन्दैमा काठमाडौंको नेतृत्व गैरजिम्मेवार बन्न मिल्दैन ।

एजेन्डा ठीक छ भने जोसुकैलाई पनि सहयोग गर्नुपर्छ । एजेन्डा गलत छ भने जोसुकैको पनि विरोध गर्नुपर्छ । कुन जात, कुन भूगोल, कुन लिंगको भनेर हामीले हेर्नुहुँदैन । तपाईंले राम्रो गर्नुभयो भने मेरो साथ रहन्छ । नराम्रो गर्नुभयो भने, मेरो विरोध रहन्छ । कसैकसैले मासलाई उत्तेजित बनाउन र भाँड्नका लागि पनि भड्काउ कुरा गर्छन् । कसैले जातका कुरा गर्छन्, कसैले लिंगका कुरा गर्छन्, कसैले धर्मका कुरा ल्याइदिन्छन् । त्यस्तो काम हामीले गर्नुहुँदैन । नकारात्मक विषयलाई मिडियाकर्मीले पनि चाहिनेभन्दा बढी महत्त्व दिए । झन् प्रोत्साहित हुने स्थिति भयो ।

व्यक्ति होइन, संस्था ठूलो हो, पद आउँछ-जान्छ

मेरो व्यक्तिगत रूपमा कसैप्रति आग्रह-पूर्वाग्रह छैन । समग्रमा भन्ने हो भने व्यक्ति केही पनि होइन । संस्था हो ठूलो कुरो । संस्थामा आज कोही छ, भोलि अर्को आउँछ । प्रधानमन्त्री वर्षैपिच्छे परिवर्तन हुन्छन् । तर, व्यक्ति गए पनि प्रधानमन्त्री त भोलि फेरि आउँछ नि । मेयर पद पनि त्यस्तै हो । हिजो म थिएँ । आज उहाँ हुनुहुन्छ, ०८४ मा अर्को आउँछ । व्यक्ति फेरिन्छ, कुर्सी त्यही हो, संस्था त्यही हो । महानगर समृद्ध भयो भने म पनि समृद्ध हुन्छु भन्ने मेरो चाहना हो । संघीय सरकार, प्रदेश सरकार, अन्य नगरपालिका र कर्मचारी कसैमाथि पनि दोषारोपण नगरी सहकार्य र समन्वय गरेर अगाडि बढ्नुपर्छ । साँच्चिकै दोषी हो भने उसलाई कारबाही गरेर अगाडि बढ्नुपऱ्यो । होइन भने सहकार्य, समन्वय गरेर अगाडि बढ्नुपर्छ । विशेष गरेर, सबैलाई गालीगलौज गरेर मात्रै अगाडि बढ्न सकिँदैन । सबैलाई माया र सम्मान गरेर अगाडि बढ्न सिक्नुपर्छ । मिडिया समाजको आँखा भएकाले विश्लेषण गरेर सही समाचार दिनुपर्छ । सिंहदरबार जलाउँछु, सिंहदरबारका सबै नेतालाई सिध्याउँछु भन्ने कुरालाई हाइलाइट गरेर समाचार बनाएर बोलेपछि भइहाल्नेरहेछ भन्ने सोचको विकास हुन्छ । त्यस्तै विषयको चर्चा हुने भएपछि बोल्ने त बोलिरहन्छ । त्यसले समग्र देशलाई नै असर पार्न सक्छ ।



रवि मिश्र
@rabimishra



संसद् त स्क्रिप्ट मञ्चन हुने ठाउँ पो रहेछ

कान्छी सांसदको संसद् अनुभव



तस्बिर : विपेन्द्र डुंगाना

निशा डाँगी, प्रतिनिधिसभा सदस्य, राष्ट्रिय स्वतन्त्र पार्टी

प्रतिनिधिसभाकी कान्छी सांसद हुनु, निशा डाँगी । २६ वर्षमा सांसद बनेकी डाँगीले सांसद बन्छु भनेर कहिल्यै सोचेकी थिइनन् । राजनीतिमा प्रवेश गर्नुअघि डाँगी पत्रकारितामा थिइन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट समानुपातिक सांसदको रूपमा निर्वाचित भएकी डाँगीले **अनिल यादव**सँग आफ्नो करिब एक वर्षको संसद् अनुभूति यसरी सुनाइन् :

संसद्मा पहिलो दिन

सांसद निर्वाचित हुनुअघि कहिल्यै सदन छिरेकी थिइनँ । संसद्मा पहिलो दिन प्रवेश गरेकै शपथ खानलाई हो । हाम्रो पार्टी नयाँ भएकाले सबै सांसद सँगै जाने भन्ने योजना बनेको थियो । दलको बैठक बसेर हाम्रा २० जनै सांसदले सांस्कृतिक वेशभूषा लगाएर शपथ खान जाने भन्ने निर्णय भएको थियो । निर्वाचनताका मलाई सबैभन्दा बढी सहयोग मेरी फुपू द्रिपा भट्टराई डाँगीले गर्नुभएको थियो । सदनमा पहिलो दिन छिर्दै गर्दा मैले उहाँले नै उपहार दिएको सेतो सारी लगाएँ । सबै सँगै गएका कारणले पनि होला कहाँ-कहाँ पुगियो जस्तो महसुसचाहिँ भएको थिएन । पहिलो दिन संसद् छिर्दा मलाई मात्रै होइन, हाम्रा पार्टीका अधिकांश सांसदलाई धेरैजनाले अनौठो तरिकाले हेरेको महसुस भएको थियो । गगन थापा, विश्वप्रकाश शर्मालगायत जति पनि सांसद भेटिए, सबैलाई नमस्कार गर्दै हिँडेको थिएँ । चियापानमा सांसदहरूलाई दुइटा फरक-फरक स्थान छुट्याएको देख्दा अचम्म लागेको थियो । शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्डलगायत शीर्ष नेताहरूका लागि बेग्लै स्थान, हामी अन्य सांसदका लागि अर्कै स्थान । सबै सांसद नै हुनु, किन फरक-फरक स्थान राखेको होला भन्ने लागेको थियो ।

प्रतिनिधिसभाको दोस्रो बैठकमा सांसद विश्वप्रकाश दाइले हात समाएर धेरै सांसदसँग चिनाउँदै लगेको मलाई अझै याद छ । उहाँ र म एउटै जिल्लाको भएकाले पनि होला, मलाई 'झापाका सांसद त चिन्नुपर्छ ल नानी' भन्दै धेरै सांसदसँग परिचय गराउन सहयोग गर्नुभएको थियो । संसद्को पहिलो दिन खासै अनौठो महसुस नगरे पनि त्यसपछिका दिन भने अनौठा लाग्दै गए । हामी हाउस छिरेपछि एक-अर्कासँग हात मिलाउँथ्यौँ । त्यो देख्दा अरू पार्टीका सांसद छक्क पर्नुहुन्थ्यो । हामी बोल्दाखेरी पनि दाइ, दिदी भनेर नै बोल्थ्यौँ । सुरुमा माननीयज्यू भनेर सम्बोधन गर्न अभ्यस्त थिएनौँ । त्यो देख्दा अरू दलका सांसद छक्क पर्नुहुन्थ्यो ।

संसद्मा पहिलो भाषण

संसद्मा बोल्नलाई 'शून्य समय' र 'विशेष समय' हुन्छ भन्ने थाहा थियो, तर 'आकस्मिक समय' हुन्छ भन्ने अलि पछि नै थाहा भयो । प्रशिक्षणमा यसबारे कुरा गरिएको त थियो, तर राम्रोसँग भनिएको थिएन । कहिले पालो आउँछ भन्ने थाहा नहुँदा मैले सुरुको दुईपटक शून्य समय 'मिस' गरेँ । पार्टीमा सबै सांसद नयाँ भएका कारण पनि यसबारे अवगत भइएन । त्यसैले अबचाहिँ 'विशेष समय' नै लिएर बोल्ने निधो गरेँ । चुनावताका म भोट माग्न जाँदा झापाका जनताले 'हामी तिमीलाई जिताउन तयार छौँ, तर यो हात्तीको मुद्दाचाहिँ सुरुमै उठाइदिनू ल, अस्पतालको विषय सुरुमै बोल्दिनू ल' भन्नुहुन्थ्यो । पहिलो भाषणमा मैले त्यही मुद्दा नै उठाएँ । चार मिनेट बोल्दा मैले हात्ती, अस्पताललगायत मुद्दा उठाएँ । स्क्रिप्ट राम्रोसँग लेखेको र तीन-चारपटक रि-राइट पनि गरेका कारण संसद्मा बोल्दा समस्या भएन ।

...अनि तितो लाग्यो

सदनमा जाँदै गर्दा मेरो अपेक्षा एकदमै ठूलो थियो । मलाई लाग्थ्यो, हाउसमा बोलिसकेपछि त्यो कार्यान्वयनमा आउँछ । तर, यथार्थ अर्कै रहेछ । हाउसमा बोलेको कुरा न त्यहाँ कसैले लेख्ने रहेछ, न कसैले टिप्ने नै । फेसबुकमा भिडियो बनाउन मात्रै बोलिने रहेछ भन्ने थाहा पाउँदा तितो महसुस भयो । अर्को कुरा हामीलाई संसद् सचियवालयले प्रशिक्षण दिँदा 'हाउसमा चाहिँ बोल्ने हो तर काम गर्ने समितिले हो' भनेर भनिएको थियो । त्यो मलाई राम्रोसँग स्मरण थियो, तर पहिलो अधिवेशन सकिँदासम्म पनि समिति बनेको थिएन । त्यसैले पहिलो अधिवेशनको अन्तिमपटक विशेष समयमा बोल्दा मैले 'संसदीय समिति कहिले बन्छ, सभामुख महोदय' भनेर प्रश्न नै गरेको थिएँ । समिति बनेपछि त रफ्तारमा काम होला भन्ने लागेको थियो । तर, जब बल्ल-बल्ल समिति बन्यो, मेरो त्यो अपेक्षा पनि निराशामा परिणत भयो । समिति पनि सुस्त नै पाएँ । यसले झन् निरुत्साहित गऱ्यो ।

संसद्को करिब एक वर्षको अनुभवमा आफ्नातर्फबाट मैले शतप्रतिशत दिएँ भन्ने लाग्छ । तर, आजभोलि एक्लैले गरेर नहुने रहेछ भन्ने महसुस हुन थालेको छ । म आफैँ पूर्वाधार विकास समितिको सदस्य छु । तर, समितिको बैठक पनि 'पर-पर' सार्ने प्रवृत्ति देखेर दिक्क लागिरहेको छ । जाजरकोटमा भूकम्प गएपछि मैले १० जनाजति माननीयलाई आफैँ फोन गरेर समितिको बैठक बसौँ न भनेको छु । साँच्चै सोचेकोजस्तो काम नहुने रहेछ । कोही पनि सांसद बैठकमा आउने चाहँदैनन् । संसद् चल्दा त्यसलाई कारण देखाएर समितिको बैठक बस्दैन । तर, जब संसद् बन्द हुन्छ, त्यसपछि पनि अधिकांश सांसद आ-आफ्ना जिल्लातिर लाग्नुहुन्छ । यसरी त यो पाँच वर्षमा पनि केही काम गर्लान् भन्ने मलाई लाग्दैन । एक्लैको पहलले पनि यहाँ नहुने रहेछ । खासमा संसदीय समिति यति बलियो हुन्छ कि उसले मन्त्रीलाई प्रश्न गर्न र निर्देशन दिन पाउँछ । तर, यहाँ बैठक नै सुस्त भएपछि कसरी हुन्छ ?

अर्को कुरा, संसद्मा बोल्ने अवसरचाहिँ निकै कम पाइने रहेछ । एउटा पार्टीबाट सबै सांसदलाई बोल्ने समय छुट्याउँदा एउटा अधिवेशन सकिँदासम्म मुस्किलले एक-दुईपटक बोल्ने मौका पाइन्छ । पार्टीको सचेतकका हिसाबले म आफैँ समय विभाजन गरिदिने ठाउँमा हुँदा पनि अस्तिको बजेट अधिवेशनमा मैले नै बोल्ने समय पाइनँ । शून्य समयमा जुन-जुन विषय उठान गरौँ, त्यसमा पनि जनताबाट राम्रै प्रतिक्रिया आए । तर, उठान भएका विषय सम्बोधन नहुँदा र सम्बन्धित निकायले ध्यान नदिँदाचाहिँ दुःख लाग्छ । सुरुसुरुमा 'हाम्रो यो विषय पनि बोल्दिनू है' भन्दै फोन गर्ने जनता धेरै हुन्थे । आजभोलिचाहिँ यस्तो फोन अलि कम आउन थालेको छ ।

संसद् त स्क्रिप्टेड हुने रहेछ

जब म कार्यव्यवस्थाको बैठकमा जान्छु, मलाई हरेक दिन संसद् अनौठो लाग्छ । त्यहाँ पुगेपछि महसुस भयो, हाउस त यस्तो मञ्च रहेछ, जसको स्क्रिप्टचाहिँ कार्यव्यवस्थाले लेख्छ, अनि सदनमा पात्र (सांसद)हरूले

सदनमा जाँदै गर्दा मेरो अपेक्षा एकदमै ठूलो थियो । मलाई लाग्थ्यो, हाउसमा बोलिसकेपछि त्यो कार्यान्वयनमा आउँछ । तर, यथार्थ अर्कै रहेछ । हाउसमा बोलेको कुरा न त्यहाँ कसैले लेख्ने रहेछ, न कसैले टिप्ने नै । फेसबुकमा भिडियो बनाउन मात्रै बोलिने रहेछ भन्ने थाहा पाउँदा तितो महसुस भयो । अर्को कुरा हामीलाई संसद् सचियवालयले प्रशिक्षण दिँदा 'हाउसमा चाहिँ बोल्ने हो तर काम गर्ने समितिले हो' भनेर भनिएको थियो । त्यो मलाई राम्रोसँग स्मरण थियो, तर पहिलो अधिवेशन सकिँदासम्म पनि समिति बनेको थिएन । त्यसैले पहिलो अधिवेशनको अन्तिमपटक विशेष समयमा बोल्दा मैले 'संसदीय समिति कहिले बन्छ, सभामुख महोदय' भनेर प्रश्न नै गरेको थिएँ । समिति बनेपछि त रफ्तारमा काम होला भन्ने लागेको थियो । तर, जब बल्ल-बल्ल समिति बन्यो, मेरो त्यो अपेक्षा पनि निराशामा परिणत भयो । समिति पनि सुस्त नै पाएँ । यसले झन् निरुत्साहित गऱ्यो ।

मञ्चन गर्छन् । प्रमुख सचेतकको अनुपस्थितमा कहिलेकाहीं म कार्यव्यवस्थाको बैठकमा जाने गर्छु । आज संसद् कसरी चलाउने, कति बजेदेखि सञ्चालन गर्ने, कस-कसलाई बोल्न दिने, सबै निर्णय कार्यव्यवस्थाको बैठकले नै गर्ने हो । त्यहाँ 'आज केही विषय छैन, नबोल्दा पनि हुन्छ' भनेर सहमति गरिन्छ । 'आज यत्तिकै सकाइदिम्' भन्छन् । 'आज हामी आन्दोलन गर्दै छौँ, तपाईं बैठक स्थगित गरिदिनुस्' देखि 'आज हामी कपडा खोल्दै छौँ' सम्मको जानकारी कार्यव्यवस्थामा सभामुखलाई गराइएको हुन्छ ।

पछि त्यही कुरा सदनमा मञ्चन हुँदा म चकित हुन्छु । कार्यव्यवस्थाको बैठकमा जाँदा मैले सधैँ 'यो हाउस बोल्नका लागि सञ्चालन गर्ने हो, सुन्नलाई मात्रै होइन, बोल्ने वातावरण दिनुपर्छ' भनेर आवाज उठाउने गर्छु । सुन्ने नै हो भने त म घरमै लाइभ हेरेर बस्छु, किन हाउसमा आउने भनेर मैले सभामुखलाई पनि भनेको छु । खासमा कार्यव्यवस्था नै फितलो भएका कारण हाउस राम्रोसँग चल्न नसकेको भन्ने लाग्छ ।

अर्को कुरा, हाम्रो पार्टीका सांसद शून्य समयमा बोल्दा पनि एकदम अध्ययन गरेर मात्रै जान्छन् । तर, त्यही कुरामा पनि हामीलाई उडाए । शून्य समयमा बोल्न पनि पढेर जानुहुन्छ भन्दै अन्य दलका सांसदले हामीलाई उडाए ।

संसद्मा सबैभन्दा कम उमेरकी भएर मलाई सबैले सुरुमा कान्छी सांसद नै भनेर बोलाउँथे । तर, सचेतक भइसकेपछि कान्छी सांसद कम, धेरैले रास्वपाको सचेतक नै भनेर चिन्नुहुन्छ । सांसद भइसकेपछि मैले प्रधानमन्त्री प्रचण्डसँग तीनपटक भेट्ने मौका पाएँ । म जाँदा 'कान्छी सांसद आउनुभएछ, झापाको खबर के छ ?' भनेर सोध्नुहुन्छ । पहिलोपटक सदनमा बोलेको दिन एमालेका सचेतक महेश बर्तौलाले केपी शर्मा ओलीसँग चिनाउनुभएको थियो । कांग्रेस सभापति शेरबहादुर देउवासँग भने अहिलेसम्म 'फेस टु फेस' हुन पाएको छैन ।

संसद्मा मसँग सबैभन्दा नजिक हुनुहुन्थ्यो, पूर्वसभामुख सुवासचन्द्र नेम्बाङ । म 'सुवास बुबा' भन्थेँ । पार्टीको सचेतक हुनुअघि मलाई 'तिमी सचेतक बन्दै छौँ भन्ने सुनेको थिएँ, ड्रेसमा निकै ध्यान देऊ ल' भन्नुभएको थियो । सचेतकको काम कर्तव्य के हो, जनताको मुद्दा कसरी उठाउनुपर्छ, जनतासँग कसरी प्रस्तुत हुनुहुन्छ, सबै सिकाउनुहुन्थ्यो । फोन कत्तिको आउँछ, कसरी रेस्पोन्स गर्छौ भनेर सोध्नुहुन्थ्यो । उहाँको सुझाव थियो- 'जे जस्तो भए पनि सकेसम्म सबैको कल रेस्पोन्स गर्नू । कहिल्यै आफ्नो मोबाइल नम्बर चेन्ज नगर्नू ।' त्यो सुझावले यसरी हिर्काएको छ कि मैले नम्बर परिवर्तन गर्न सकिनँ । सायद गर्दिनँ पनि होला । उहाँ भन्नुहुन्थ्यो, 'जनतासँग टाढा नहुनू । फोन आउँदा इरिटेट नहुनू । हरेक विधेयक पढ्नू । संशोधन हावा तालमा नहाल्नू ।'

त्यस्तै मलाई सांसद प्रेम सुवालले पनि गाइड गरिरहनुहुन्छ । धेरैजसो किताब पढ्न सुझाउनुहुन्छ । एक दुइटा किताब उपहार पनि दिनुभएको छ । माओवादीका सांसद माधव सापकोटाको प्रस्तुति निकै मनपर्छ । संसदीय समितिमा पनि उहाँले अध्ययन गरेर बोलेको देखिन्छ । त्यस्तै, गगन थापा, एमालेका सचेतक महेश बर्तौलालगायतको प्रस्तुति म ध्यान दिएर सुन्छु । महिला सांसदमा सुमना श्रेष्ठको प्रस्तुति मलाई बबाल लाग्छ । राम्रो अध्ययन र सम्बन्धित निकायसँग छलफल गरेर मात्रै उहाँ संसद्मा बोल्नुहुन्छ । एमालेकी सांसद विद्या भट्टराई पनि कम बोल्नुहुन्छ तर राम्रो बोल्नुहुन्छ ।

संसद्मा युवाको टिम छुट्टै बन्ने रहेछ । कहिलेकाहीं लामो समय हाउस चल्दा हामी चिया पिउन बाहिर निस्किन्छौँ । त्यतिवेला म धेरैजसो युवा सांसदसँग चिया पिउन गइरहेको हुन्छु । तर, मलाई कुरा गर्न अलि मज्जाचाहिँ पाका नेताहरूसँग लाग्छ । रघुजी पन्त, प्रेम सुवाल, चित्रबहादुर केसीहरूसँग सल्लाह लिइरहन्छु ।

हजार गुनलाई एउटै बैगुनले थिच्दो रहेछ

सम्बन्ध भत्किन समय नलाग्ने रहेछ। मान्छे र समय एकनासले नचल्दा रहेछन्। मान्छे परिस्थितिअनुसार चल्न सक्नुपर्दो रहेछ।

आत्मसमीक्षा

• जितु नेपाल, हास्यअभिनेता

हास्यकलाकार जितु नेपालले कलाकारिता सुरु गरेको तीन दशक पुगिसकेको छ। दर्शकले रुचाइएका कमेडियनमा पनि पर्छन् उनी। 'मुन्द्रे' उपनामले चिनिने उनले 'जिरे खुर्सानी', तितो सत्य'लगायत चर्चित टेलिसिरियलमा काम गरे। पछिल्लो समय 'मुन्द्रेको कमेडी क्लब'मा उनी व्यस्त छन्। आफ्नो कलायात्राबारे आत्मसमीक्षा गर्ने क्रममा उनले भनेका छन्, 'सम्बन्ध भत्किन समय नलाग्ने रहेछ।' उनको आत्मसमीक्षा **पवन बराइली**को शब्दमा :



तस्बिर : **दिपेन्द्र ढुंगाना**

कलाकारिता क्षेत्रमा लागेको ३० वर्ष भयो। सिन्धुपाल्चोकको सामान्य परिवारमा जन्मेहुर्केको मान्छे म। काठमाडौं छिर्दा ठूलो सपना थिएन। कलाकार बन्छु भन्ने विश्वास पनि थिएन। काठमाडौंमा उच्च शिक्षा पढ्ने सोच लिएर आएको थिएँ। काठमाडौं आएपछि टेलिभिजनमा अनुहार देखाउन मन लाग्यो। कलाकार बन्छु भनेर आएको होइन, तर समयले यहाँ ल्याइपुऱ्यायो।

पुराना समयलाई फर्केर हेर्दा आफैं छक्क पर्छु। गाउँमा गरेको संघर्ष र सहरमा स्थापित हुन गरेको संघर्ष फरक छ। तर, कलाकार बनेपछि कलाकारितालाई बचाउन गरिरहेको संघर्ष अर्कै छ। आजभन्दा हिजो खुसी थिएँ। आम्दानी खासै नभए पनि जीवनमा खुसी नै थिएँ। आज हिजोको तुलनामा जीवनमा केही उपलब्धि त भयो। तर, खुसी नहुने रहेछ।

> बोलचाल बन्द भएपछि मलाई निकै गाह्रो भयो। एक्लो महसुस गर्थें। फिल्म खेल्न नपाउँला, पैसा नहोला, काम गर्न नसकुँला भन्ने सोच आएन। पहिले उहाँहरूभन्दा निकट साथी नै थिएनन्, पछि मेरा साथी नै भएनन्।

कुनैवेला स्वदेश तथा विदेशमा 'कमेडियन' भनेपछि जितु नेपालको मात्रै नाम आउँथ्यो। त्यसवेला ठिक्क हँसाउँदा पनि पुग्थ्यो। तर, अहिले हँसाउन धेरै प्रयास गर्दा पनि पुग्दैन। त्यसवेला मेरो समय थियो होला। मैले कसैलाई रिप्लेस गर्थें होला। अहिले मलाई 'रिप्लेस' गर्ने आए। तर, मनले नमान्दो रहेछ, अझै राम्रो गर्थें भन्ने लाग्दो रहेछ।

मैले आफ्नो कर्म इमानदार भएर गर्थें। मेरो कलारितालाई दर्शकले मन पराइदिनुभयो। यसकारण पनि आफूलाई भाग्यमानी ठान्छु। मैले जति आफ्नो पेसालाई सायदै कम महत्त्व दिएका छन्। कलाकारितामा मैले कहिल्यै नराम्रो काम गरिनँ। नजानेको कुरालाई कहिल्यै आउँछ भनिनँ। कतिपय काम नजान्दा-नजान्दै गर्थें। कलाकारितामा संसारमा कसैले गर्न नसकेको काम गरेको पनि होइन। गरिरहेको कामलाई मैले भिन्न रूपमा गरेको मात्रै हुँ। मैले जति गर्थें आफ्नै मेहिनेतले गर्थें। यात्राका क्रममा थुप्रै हन्डर ठक्कर खाएको छु। म मनको सफा मान्छे हुँ। जुन कुरा बाहिर देखिँदैन। म प्याच्च बोलिहाल्छु। हतारमा निर्णय गर्छु। जसले गर्दा हानि पनि व्यहोरेको छु। तर, कसैले मेरो सोचलाई रोक्न खोज्यो भने सहेर बस्न सक्दिनँ। मेरो स्वभावै त्यस्तो छ। त्यही कारणले आज यहाँ छु जस्तो लाग्छ। कसैको कुभलो सोच्दिनँ। मेरो कोहीसँग लामो समय दूरी रहँदैन। मलाई झुक्न अप्ठ्यारो लाग्दैन। गल्ती भयो भने सजिलै क्षमा माग्न सक्छु। मसँग घमन्ड छैन। जहाँ पनि सामान्य मान्छे भएर प्रस्तुत हुन्छु। छिटो निर्णय गर्ने, प्याच्च बोल्ने र स्थिर नहुने स्वभाव छ। यो मेरो कमजोरी पनि हो। जसले गर्दा जीवनमा हानि पुऱ्याएको छ। यसलाई सुधार्ने कोसिस गरिरहेको छु। मलाई कसैले चित्त दुखायो भनेचाहिँ बोल्दिनँ। एक-दुईजना त्यस्ता मान्छे पनि छन्, लामो समय बोलचाल बन्द भयो। तर, आफैंले बोलाएँ।

अनि दीपक-दीपासँग सम्बन्ध भत्कियो

छक्का पन्जा (दीपकजी, केदारजी र दीपाजी) टिमसँग मेरो गहिरो सम्बन्ध छ। दीपकजी र दीपाजीसँग मेरो सम्बन्ध परिवारसँगभन्दा धेरै नजिक भयो। उहाँहरूसँग लामो सहकार्य पनि भयो। तर, बोलचाल नै बन्द हुने दिन पनि आयो। त्यस वेलाको परिस्थित नै त्यस्तो थियो। 'मुन्द्रेको कमेडी क्लब'मा दीपाजी अध्यक्ष हुनुहुन्थ्यो। त्यसवेला सबैले उहाँलाई नराख्ने भने र मैले पनि लामो सोच्न भ्याइनँ। मैले मात्रै गरेको निर्णय थिएन। बोलचाल नै बन्द हुने स्थिति आउला भन्ने सोचेको थिइनँ। उचारचढाव व्यहोर्नुपऱ्यो। केही समय बन्द पनि गर्नुपर्ने अवस्था आयो। दीपाजी अध्यक्षबाट हटेपछि बोलचाल बन्द भयो। मलाई पनि बिस्तारै महसुस भयो। पुराना कुरा धेरै गर्न मन लाग्दैन। तर, त्यसवेला केही बाध्यता थिए। मैले मात्रै गरेको निर्णय थिएन। एजेन्सीबाट आएको दबाब पनि थियो।

बोलचाल बन्द भएपछि मलाई निकै गाह्रो भयो। एक्लो महसुस गर्थें। फिल्म खेल्न नपाउँला, पैसा नहोला, काम गर्न नसकुँला भन्ने सोच आएन। पहिले उहाँहरूभन्दा निकट साथी नै थिएनन्, पछि मेरा साथी नै भएनन्। कामबारे कुरा हुन्थे। पारिवारिक गफगाफ हुन्थ्यो। सुखदुःखको गफ हुन्थ्यो। हामीबीच सेयर नगरेको कुरै हुँदैनथ्यो। जमघट नगरेको दिनै हुँदैनथ्यो। भेट नहुँदा फोनमा गफ हुन्थ्यो। पहिले सामान्य ठाकठुक पर्थ्यो। तर, लामो समय बोलचाल बन्द हुने परिस्थिति बनेको थिएन।

म गुम्सिएर बस्ने मान्छे होइन। मलाई त्यो वेला जे मनमा आयो, त्यो निर्णय गर्थें। अहिले म क्लियर छु। सम्बन्ध टुट्नुमा मै जिम्मेवार छु। म अरूलाई दोष दिन्नँ। दुई-चार महिना बोलचाल भएन। अरूबाट अनेक कुरा सुनिए। मैले पनि फोन गरिनँ, उहाँहरूले पनि फोन गर्नुभएन। बिस्तारै मैले महसुस गर्थें, यसमा कसैको दोष छैन। मेरो व्यक्तिगत स्वभावले नै यो सब भएको हो। मैले आत्मालोचना गरिसकेको छु। 'मुन्द्रेको कमेडी क्लब'को अध्यक्षबाट उहाँलाई हटाउनु गल्ती थियो। मेरो कार्यक्रम नभएपछि सम्बन्धमा फाटो आयो। यस्तो स्थिति आउला भन्ने सोचेको थिइनँ। उहाँहरूले फरक रूपमा लिनुभयो। अहिले आफ्नो तरिकाले काम गरिरहेको छु। मैले उहाँहरूलाई सँगै काम गर्औं भन्न सक्ने अवस्था छैन। उहाँहरूले पनि मलाई सँगै काम गर्औं भन्नुभएको छैन। नयाँ फिल्ममा रोल आयो काम गर्औं भन्दा मैले नखेल्नुपर्ने अवस्था छैन। तर, त्यो अवस्था आएन भने पनि ठिकै छ। आफैंमा केही गर्नुपर्छ भन्ने सोच पनि आयो। जे भयो, राम्रो भयो भन्ने लाग्छ। हिजौ सँगै काम गरेका साथीहरू सम्झन्छु। हिजोका दिनहरू 'मिस' हुन्छन्। अहिले दीपकजी र दीपाजीसँग गफगाफ हुन्छ। काम मात्रै सँगै नभएको हो।

त्यसपछि अध्यात्मतिर मन

त्यो मेरा लागि निकै सकसको समय थियो। साथीहरू सबै टाढा भइसकेका थिए। लामो समय काम गर्ने वातावरण पनि भएन। कोभिड-१९ ले जीवनमा अलि निराशा छायो। सबैतिर भत्किएको महसुस भयो। तनाव मात्रै भइरह्यो। केही काम नबनेजस्तो लाग्यो। एकप्रकारले मलाई डिप्रेसनजस्तै भयो। त्यसपछि डा.योगी विकासानन्द, स्वामी आनन्द अरुणलगायतसँग समस्या सुनाएँ। उहाँहरूले मलाई योग र ध्यान गर्न सुझाव दिनुभयो। त्यहीअनुसार हिजोआज दैनिक २०-२५ मिनेट ध्यान र योग गर्छु। गीता एकपटक अध्ययन गर्थें। फेरि पढ्न मन लागेको छ। अबचाहिँ अलि धार्मिक बन्न मन लागेको छ। केही समय अघि महाभारत हेर्थें। मलाई कर्मचाहिँ ठूलो कुरा रहेछ भन्ने महसुस भयो। त्यो हेरेपछि अलि कुटिल हुनुपर्ने रहेछ भन्ने लाग्यो। अब महाभारत पनि पढ्ने योजनामा छु।

विचार नमिल्दा दमनसँग विछोड

सम्बन्ध भत्किन समय नलाग्ने रहेछ। मान्छे र समय एकनासले नचल्दा रहेछन्। मान्छे परिस्थितिअनुसार चल्न सक्नुपर्दो रहेछ। दमन (दमन रुपाखेती)सँग आत्मीयता भन् गहिरो थियो। मेरो संघर्ष गर्दाको साथी पनि हो। त्यसवेला हाम्रो जोडीलाई अत्यधिक रुचाइएको थियो। हामीले सर्यौं स्टेजमा हास्य प्रहसन प्रस्तुत गरेका छौं। १६-१७ वर्षसम्म एकसाथ सहकार्य गऱ्यौं। हामी एउटै दाजुभाइजस्ता थियौं। यस्तो दिन पनि आयो, एक्लाएक्लै कार्यक्रम गर्ने निर्णयमा पुग्यौं। हामीबीच त्यस्तो ठूलो केही भएको छैन। हाम्रो विचार फरक-फरक भयो। मेरो धेरै काम गर्थें भन्ने स्वभाव थियो। दमन अरूसँग झुक्न नखोज्ने। त्यसैले मलाई पनि अब एक्लै गर्नुपर्छ भन्ने लाग्यो। हामी अलग भयौं। त्यो विछोड अलि पीडादायी नै थियो। अहिले हाम्रो दोस्ती सामान्य छ।

सम्बन्ध टिकाउन...

साथीभाइसँग मनका कुरा सबै खोल्न नहुने रहेछ। मैले सबै ढोका खोलें। सम्बन्ध टिकाउन कुटिल बन्नुपर्ने रहेछ। मैले त्यसो गर्न जानिनँ। हजार गुनलाई एउटै बैगुनले थिच्दो रहेछ। सम्बन्धका लागि सम्झौता पनि हुन्छ। 'छक्का पन्जा' टिमसँग काम गर्दा बाहिरका थुप्रै कुरा सम्झौता पनि गरेको छु। बाहिरको फिल्म गरिनँ। मैले बाहिरको काम नगर्दा गाली पनि खाएँ। जीवनमा धेरैसँग काम गर्थें। यात्रामा सम्बन्धहरू भत्किने जोडिने हुँदा रहेछन्। मान्छे कोहीसँग पनि पूर्ण रूपमा निर्भर नहुनुपर्ने रहेछ।

मन्दाकिनी हाइड्रोपावर लिमिटेड
सिनामंगल, काठमाडौं
सम्पर्क नं. ०१४५६१५७४ इमेल : mandakini.hydropower@gmail.com

दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८०/०८/२९ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस मन्दाकिनी हाइड्रोपावर लिमिटेडको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान तथा समय :

मिति: २०८० पौष २९ गते (१४ जनवरी, २०२४)
स्थान: फुडल्याण्ड एण्ड व्याङ्क्वेट बत्तिसपुतली काठमाण्डौ
समय: बिहान ११:०० बजे

छलफलका विषयहरु:

क) सामान्य प्रस्तावहरु,

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,
२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,
३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,
४) संचालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२५ प्रतिशतका दरले हुन आउने रु. १४,७०,०९२.२५ नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने बारे,

ख) विशेष प्रस्तावहरु:

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ४.७५ बोनश शेयर वितरण गर्न स्विकृती गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने,
२) संचालकहरुको सेवा सुविधा बारे,
३) प्रबन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधन सम्बन्धमा नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने।

ग) विविध।

साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु :

१) बार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८०/०९/२० गते १ दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१९ सम्म कारोवार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रारको कार्यालयमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा नगद लाभांश पाउनेछन्।
२) बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाण पत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।
३) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका बिहान १०:०० देखी खुल्ला गरिनेछ।
४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात् मिति २०८०/०९/२७ बिहान ११:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको पाइएमा उक्त प्रोक्सी बदर हुनेछ।
५) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत् शेयरधनीले प्रोक्सी फेरबदल गर्न चाहेमा यस अघि दिइएको प्रोक्सी बदर गरी यो प्रोक्सीलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रतिनिधि (प्रोक्सी) फाराम भरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय सिनामंगल काठमाण्डौमा दर्ता गराएको अवस्थामा पुरानो प्रोक्सी स्वत: बदर भएको मानि पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ। प्रतिनिधि नियुक्त गरे पश्चात् शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेमा निजले दिएको प्रोक्सी स्वत: बदर हुनेछ।
६) नाबालक शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको नाममा दर्ता भएका महानुभावले सभामा भाग लिन वा मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछन्।
७) बुदाँ नं. १ मा उल्लेख गरे बमोजिम शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभाबाट पारित लाभांशको हकदार हुनेछन्।
८) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मतीबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनी दर्ता किताबामा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन्।
९) साधारण सभा सम्बन्धि थप जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, सिनामंगल काठमाडौंमा कार्यालय समय बिहान १०:०० बजे देखी साँझ ४:०० बजे सम्म सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

धन्यवाद।

अध्यक्षको आज्ञाले
कम्पनी सचिव

इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड
Infomerics Ratings Nepal
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं १०, बानेश्वर हाइट्, काठमाडौं
फोन नं : ०१-४५८५४०६

तेस्रो बार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०८/३०

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८०/०६/२२ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको तेस्रो बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सभा हुने मिति, स्थान र समय :

मिति : २०८० साल पौष ११ गते, बुधबार (तदनुसार २७ डिसेम्बर, २०२३)
स्थान : इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडको कार्यालय, बानेश्वर हाइट, काठमाडौं
समय : दिनको १२:४५ बजे

२. छलफलका बिषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट प्रस्तुत हुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० को आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को हर्हिसाबहरु लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।

(ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

अनलाइन सेक्युरिटिज लिमिटेडको दोश्रो बार्षिक साधारणसभा सम्बन्धी सूचना

यस कम्पनिको मिति २०८० मंसिर १५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस अनलाइन सेक्युरिटिज् लिमिटेडको दोश्रो बार्षिक साधारणसभा निम्न अनुसार हुने भएकोले सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशितत गरिएको छ।

क. सभा हुने स्थान, मिति र समय :

स्थान : पुतलीसडक स्थित कम्पनिको कार्यालय
मिति : २०८० पौष २० गते शुक्रबार
समय : दिनका २:०० बजे

ख. छलफलका विषयहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को कम्पनीको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षक को आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
३. आ. व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. संचालक समितिको पुनर्गठन गर्ने सम्बन्धमा।

ग. बिशेष प्रस्ताव

१. संचालक समितिको सिफारिश अनुसारको पूँजी संरचना परिवर्तन गरी पूँजी बृधि गर्ने सम्बन्धमा।
२. संचालक समितिको सिफारिश अनुसारको नगद लाभांश वितरण गर्ने सम्बन्धमा।
३. रणनैतिक साझेदार खोज्ने तथा समान प्रकृतिका संस्था खोजि गरी गाभ्ने वा गाभिने लागि निर्णय गर्ने अधिकार संचालक समितिमा अख्तियारी दिने सम्बन्धमा।

घ. बिबिध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको बालुवाटार शाखा कार्यालयबाट तपसिल बमोजिम कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिकी गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई समेत कालोसूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/अख्तियार प्राप्त व्यक्ति/जमानीतकर्ताको विवरण	सुरक्षणमा रहेको धितोको विवरण :
१) **ऋणीको नाम : नविन कोइराला** बाबुको नाम : मोहनी प्रसाद कोइराला बाजेको नाम : नरेन्द्र प्रसाद कोइराला ठेगाना : विराटनगर-१३, मोरंग हालको ठेगानाः कागेश्वरी मनोहरा-०९, काडाघारी, काठमाण्डौं ना.प्र.नं. : ८२९ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरंग जारी मिति : २०४६/०२/३२	**सवारी साधनको विवरण :** १) श्री साग्रिला डेभलपमेण्ट बैंक को नाममा दर्ता कायम रहि ऋणी श्री नविन कोइराला भएको निम्नानुसारको सवारी साधन-१ थान : सवारी दर्ता नं. : प्रदेश ३-०१-०२४ च-०९७३ कम्पनीको नाम : मारुती सुजुकी ई. ली. मोडेल : **S.Presso VXI+** सवारीको नाम : **Suzuki Spresso** बनेको साल : २०२० सि.सि./हर्ष पावर : ९९८ ईन्जिन नम्बर : **K10BN5100524** च्यासिस नम्बर : **MA3RFL41SLA147388** सवारीको रङ्ग : सिल्कि सिल्भर सवारीको किसिम : निजी
जमानीकर्ताको विवरण **क) नाम : सविता काफ्ले** बाबुको नामः उद्धवप्रसाद काफ्ले पतिको नामः नविन कोइराला ससुराको नाम : मोहनी प्रसाद कोइराला ठेगाना : मेथिन्कोट- ०८, काभ्रे हालको ठेगानाः कागेश्वरी मनोहरा-०९, काडाघारी, काठमाण्डौं ना.प्र.नं. : ७९५३५ जारी गर्ने कार्यालय : जि.प्र.का. ,काभ्रेपलाञ्चोक जारी मिति : २०५५/०७/१८ **कर्जा शिर्षक : अटो कर्जा र व्यक्तिगत धनजमानी कर्जा** **कर्जा लिएको शाखा : बालुवाटार, काठमाण्डौं**	

निक्षेप तथा कर्जाको ब्याजदर

पौष १, २०८० देखि लागु

खाताका प्रकारहरु	न्यूनतम मौज्दात	बार्षिक ब्याजदर
कर्पोरेट सेभिङ खाता	रु. १००/-	६.५०%
कर्पोरेट प्याट्रोन	रु. १,००,०००/-	७.५०%
कर्पोरेट हाईयर सेभिङ	रु. १०,०००/-	७.२५%
कर्पोरेट सिनियर सेभिङ	रु. १,०००/-	७.००%
कर्पोरेट नारी बचत	रु. १,०००/-	७.००%
कर्पोरेट स्टुडेन्ट स्कलर	रु. ५००/-	६.५०%
कर्पोरेट फास्ट ट्रयाक	रु. ५०,०००/-	७.३०%
कर्पोरेट बाल बचत	रु. १,००० /-	७.००%
कर्पोरेट सुपर सेभिङ	रु. १,००,०००/-	८.००%
कर्पोरेट गोल्डेनसेभिङ	रु. २,००,०००/-	८.५०%
३ वर्षे रेकरिङ खाता	रु. १,०००/-	८.२५%
५ वर्षे रेकरिङ खाता	रु. १,००० /-	८.५०%
५ वर्षभन्दा माथिको रेकरिङ खाता (फिक्स्ड समेत)	रु. १,००,०००/-	९.११%
कर्पोरेट फिक्स्ड रिटर्न	रु. १,००,०००/-	९.००%
कर्पोरेट फिफ्टी फिक्स्ड	रु. १,००,०००/-	८.७५%
कर्पोरेट प्रोभिडेन्ड फन्ड	रु.१,००० /-	८.५०%

फिक्स्ड डिपोजिट

फिक्स्ड डिपोजिटका प्रकार	न्यूनतम मौज्दात	बार्षिक ब्याजदर	
		व्यक्तिगत	संस्थागत
कर्पोरेट जेनरल फिक्स्ड डिपोजिट	रु. १०,०००/-	९.५०%	७.५०%
कर्पोरेट फिक्स्ड डिपोजिट	रु. २५,०००/-	९.७५%	७.७५%
कर्पोरेट सुपर फिक्स्ड डिपोजिट ५ वर्षभन्दा माथि	रु. १,००,०००/-	९.११%	७.११%
फिक्स्ड डिपोजिट ३-२४ महिना	रु. १,००,०००/-	१०.००%	८.००%
प्रिमियम फिक्स्ड डिपोजिट ६-२४ महिना	रु. १०,००,०००/-	१०.१०%	८.१०%
स्पेशल फिक्स्ड डिपोजिट १० महिना	रु. १०,००,०००/-	१०.२५%	८.२५%

कर्जा तर्फ :
प्राईम कर्जाको ब्याजदर बेस रेटमा +२.२५% देखि ४.२५% सम्म।
अन्य कर्जाको ब्याज दर बेस रेटमा + ४.२६% देखि ६.२५% सम्म।
फिक्स्ड ब्याज दर (घर/हायपर्चेज/व्यक्तिगत वा टर्म कर्जा)
१५ वर्षसम्मको आवधिक कर्जामा बेस रेटमा +६.९०% सम्म ।
बेस रेट ११.८५% (तीन महिनाको औसत)

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
प्रधान कार्यालय
गीता मन्दिर रोड, वीरगंज, पर्सा
फोन नं. ०५१-५३१०३१

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ३० मंसिर ०८०

बिमा पोलिसी सरेन्डरलाई थप कडाइ गरिँदै

चार महिनामा सरेन्डर भयो चार अर्ब ३९ करोडको पोलिसी, सरेन्डर भ्यालु गणना गर्न प्रत्येक बिमालेखमा छुट्टाछुट्टै नीति

मिलन विश्वकर्मा/नयाँ पत्रिका

जीवन बिमा पोलिसी सरेन्डर (बिमालेख बन्द-त्याग) गर्ने प्रवृत्ति बढ्दै गएपछि नियामक निकाय नेपाल बिमा प्राधिकरणले त्यसलाई थप कडाइ गर्ने तयारी गरेको छ। प्राधिकरणले यसअघि चैत ०७७ मा निर्देशन जारी गर्दै बिमा पोलिसी किनेको दुई वर्षसम्म पोलिसी सरेन्डर गर्न नपाउने सीमालाई तीन वर्ष पुऱ्याउँदासमेत पोलिसी सरेन्डर बढ्ने क्रम नरोकिएपछि यसलाई थप कडाइ गर्ने तयारीमा पुगेको हो।

अहिले सरेन्डर भ्यालु गणना गर्दा सबै बिमालेखमा एउटै सूत्र प्रयोग हुने गरेको छ। तर, अब पोलिसीअनुसार फरक-फरक सूत्र लगाएर सरेन्डर भ्यालु निकाल्ने नीति ल्याउन लागेको प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए। यसका अलावा नियतवश गरिने पोलिसी सरेन्डरलाई न्यूनीकरण गर्न के-के गर्नुपर्छ भन्ने विषयमा पनि थप अध्ययन भइरहेको उनको भनाइ छ। उनले भने, 'त्यसलाई के-कसरी नियन्त्रण गर्न सकिन्छ भनेर अध्ययन गरिरहेका छौं। यसलाई छिट्टै टुंगोमा पुऱ्याउनेछौं।'

अहिले भारतलगायतका थुप्रै देशमा पोलिसी सरेन्डर गर्दा सरेन्डर भ्यालु निकाल्न छुट्टाछुट्टै सूत्र प्रयोग गरिन्छ। नेपालमा भने सबै पोलिसीमा एउटै सूत्र प्रयोग गरेर सरेन्डर भ्यालु निकाल्ने गरिन्छ। सोही कमजोरीमा टेकेर कतिपय अभिकर्ता र बिमितहरूले योजनाबद्ध रूपमा पोलिसी सरेन्डर गरेर फाइदा उठाउने गरेको प्राधिकरणको आशंका छ।

अभिकर्ता र बिमित मिलेर निश्चित समयसम्म एउटा कम्पनीमा बिमा गर्ने र योजनाबद्ध रूपमा निश्चित समयपछि अर्थात् बिमा अवधि नसकिँदै पोलिसी सरेन्डर गरेर अर्को कम्पनीमा बिमा गर्ने प्रवृत्ति रहेको आशंका गरिएको छ। सरेन्डर भ्यालु निकाल्न सबै पोलिसीमा एउटै सूत्र हुँदा अभिकर्ता तथा बिमितले कुन वेला पोलिसी सरेन्डर गर्दा कति पैसा आउँछ र कति फाइदा हुन्छ भन्ने कुरा सहजै पत्ता लगाउन सक्छन्। साथै, बिमा गराउँदा बिमा अभिकर्ताले सुरुको केही वर्ष बढी कमिसन पाउँछन्। त्यसअनुसार उनीहरूलाई सरेन्डर गराउँदै पुनः बिमा गराउँदा धेरै फाइदा हुन्छ। यी यस्ता कारण अस्वाभाविक रूपमा पोलिसी सरेन्डर हुने गरेको बताइन्छ।

अहिले यस्ता प्रवृत्तिबारे पनि अध्ययन गर्ने तयारी गरेको कार्यकारी निर्देशक पौडेल बताउँछन्। 'अहिले कस्ता व्यक्तिहरूले बिमा पोलिसी सरेन्डर गरेका छन्। उनीहरूले पोलिसी सरेन्डर गरेर पुनः बिमा गरेका छन् कि छैनन्। यी यस्ता प्रवृत्तिबारे पनि अध्ययन गर्दै छौं,' उनले भने, 'कतिपयले साँच्चै समस्या परेर पोलिसी सरेन्डर गरेका हुन सक्छन्। तर, योजनाबद्ध रूपमा गरिने पोलिसी सरेन्डरलाई भने न्यूनीकरण गर्ने तयारी गरेका छौं।'

बिमा सरेन्डर बढ्नुमा आर्थिक शिथिलता पनि हुन सक्छ



● **राजुरमण पौडेल**, कार्यकारी निर्देशक, नेपाल बिमा प्राधिकरण

कतिपय अभिकर्ता तथा बिमितले रणनीतिक रूपमा पोलिसी सरेन्डर गरेको अनुमान छ। तर, अहिले पोलिसी सरेन्डर बढ्नुको मुख्य कारण वर्तमान समयमा देखिएको आर्थिक शिथिलता नै हो। यसका साथै, बिमितले क्षमताभन्दा बढीको बिमा गर्नेलगायत कारण पनि यस्तो समस्या आएको हुन सक्छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ चार महिनाको अवधिमा २०.२४ प्रतिशतले बढ्यो पोलिसी सरेन्डर

चालू आर्थिक वर्ष ०८०/८१ को चार महिनामा जीवन बिमा पोलिसी सरेन्डर २०.२४ प्रतिशतले बढेको छ। संख्याका आधारमा गत आवको पहिलो चार महिनामा २९ हजार दुई सय ८३ वटा पोलिसी सरेन्डर भएका थिए। तर, यसपालि ३५ हजार दुई सय ११ वटा पोलिसी सरेन्डर भएका छन्। रकमका आधारमा भने पोलिसी सरेन्डर ५ प्रतिशतले बढेको छ। गत आवको पहिलो चार महिनामा चार अर्ब १९ करोड ४२ लाख रुपैयाँको पोलिसी सरेन्डर भएकोमा यसपालि चार अर्ब ३९ करोड ८१ लाख रुपैयाँको पोलिसी सरेन्डर भएको हो।

जीवन बिमा व्यवसायमा भन्डै १० प्रतिशत रकम सरेन्डरमार्फत बाहिरिने गरेको छ। समीक्षा अवधिमा जीवन बिमामा ४९ अर्ब ४४ करोड ११ लाख रुपैयाँको जीवन बिमा व्यवसाय भएको छ, त्यसको ९ प्रतिशतबराबरको रकम सरेन्डरमार्फत बाहिरिएको देखिन्छ। चालू आवमा साउनमा एक अर्ब २८ करोड ३३ लाख रुपैयाँबराबरको नौ हजार सात सय ९८ वटा पोलिसी सरेन्डर भएका छन्। यसैगरी, भदौमा एक अर्ब १८ करोड २० लाखबराबरको नौ हजार तीन सय ८६ वटा, असोजमा एक अर्ब १८ करोड २९ लाखबराबरको नौ हजार नौ सय ३६ वटा र कात्तिकमा ७४ करोड ९८ लाखबराबरको ६ हजार ९१ वटा पोलिसी सरेन्डर भएका छन्।

आममानिसले निश्चित अवधि तोकेर जीवन बिमा गर्ने गर्छन्। बिमा कम्पनीले पनि सोही अवधिभर नै सम्बन्धित बिमितको जोखिम कभर गर्छ। तर, उक्त अवधि नसकिँदै बिमितहरूले पोलिसी बन्द (सरेन्डर) गरेर आफूले पाउनुपर्ने रकम फिर्ता पनि लैजान सक्छन्, जुन प्रवृत्ति पछिल्लो समय बढ्दै गएको कम्पनीहरू बताउँछन्। पोलिसी सरेन्डर गर्दा बिमितले तिरेको बिमाशुल्क र पोलिसी सरेन्डर गर्ने मितिसम्मको बोनस रकम एकमुष्ठ बिमितलाई भुक्तानी गरिन्छ। त्यसपछि पोलिसी बन्द हुनेछ।

विशेष गरी पछिल्लो समय देखिएको आर्थिक संकटका कारण बिमालेख सरेन्डर बढ्दै गएको प्राधिकरणका कार्यकारी निर्देशक पौडेल बताउँछन्। पछिल्लो समय आर्थिक संकटका कारण आममानिसमा आम्दानी प्रभावित भएको छ। बजार महँगी बढेको छ भने क्रयशक्ति घटेको छ। त्यो अवस्थामा कतिपय मानिसले बिमालेख नवीकरण गर्न सकेका छैनन्। साथै, आफ्नो आर्थिक समस्या समाधान गर्न बिमालेख सरेन्डर गरेर पैसा लिने गरेको उनको भनाइ छ।

■ चार महिनामा ६२.१८ अर्ब बिमाशुल्क संकलन

समीक्षा अवधिमा १४-१४ वटा जीवन तथा निर्जीवन बिमा कम्पनीले ६२ अर्ब १८ करोड ८३ लाख रुपैयाँ बिमाशुल्क संकलन गरेका छन्, त्यो गत आवको सोही अवधिको तुलनामा ४.७५ प्रतिशतले बढी हो। गत आवको समीक्षा अवधिमा ५९ अर्ब ३७ करोड रुपैयाँबराबरको बिमाशुल्क संकलन भएको थियो।

समीक्षा अवधिमा जीवन बिमा व्यवसाय ७.४५ प्रतिशतले बढेको छ। गत आवको चार महिनामा ४६ अर्ब एक करोड १५ लाखबराबरको जीवन बिमाशुल्क संकलन भएको थियो। यसपालि त्यो ४९ अर्ब ४४ करोड ११ लाख पुगेको छ। निर्जीवन बिमा व्यवसायमा भने ४.५८ प्रतिशतको गिरावट देखिएको छ। गत आवको समीक्षा अवधिमा १३ अर्ब ३५ करोडबराबरको निर्जीवन बिमाशुल्क संकलन भएको थियो, यसपालि त्यो १२ अर्ब ७४ करोड रुपैयाँमा झरेको छ।

मर्जर र एफपिओबाट एकै दिन ११ अर्ब तीन करोड कर संकलन

नयाँ पत्रिका

मर्जर र एफपिओमा कर लगाउने सरकारको निर्णय लागू हुँदा एकै दिन ११ अर्ब तीन करोड रुपैयाँ कर संकलन भएको छ। बिहीबार मर्जर र एफपिओमा कर असुल्ने सरकारको निर्णयलाई सर्वोच्च अदालतले सदर गरेसँगै उक्त रकम संकलन भएको हो।

अर्थमन्त्री डा. प्रकाशशरण महतले चालू आर्थिक वर्ष ०८०/८१ को आर्थिक विधेयकमा एफपिओ र मर्जरको आयमा कर लाग्ने व्यवस्था गरेका थिए।

यसरी संवैधानिक व्यवस्थाविपरीत नयाँ कर लगाएको र भूतप्रभावी कानुन ल्याएर लगानीको वातावरण बिगारेको भन्दै आर्थिक विधेयकको दफा २६ र २७ नम्बरको बुँदा बदर गर्न माग गर्दै १६ वाणिज्य बैंकले गत भदौ २९ गते सर्वोच्चको संवैधानिक इजलासमा संयुक्त रिट दायर गरेका थिए।

सरकारको उक्त निर्णयविरुद्ध परमादेश माग गर्दै बैंकर र बिमकले सर्वोच्चमा रिट दायर गरेका थिए। यसरी सरकारले कर उठाउन पाएको अवस्थामा बजारबाट सरकारलाई करिब ४० अर्ब रुपैयाँ कर उठ्ने बताइएको छ।

शनिबार पनि बैंक खुल्ने

आर्थिक ऐन, २०८० ले प्रदान गरेको छुट सुविधामा सहभागी हुने अन्तिम दिन ३० मंसिर शनिबारसम्म मात्र रहेको छ। त्यसलाई ध्यानमा राख्दै राष्ट्र बैंकले सूचना जारी गरेर शनिबार राजस्व संकलन गर्ने सबै प्रकारका शाखा तथा काउन्टरका साथै नेपाल क्लियरिङ हाउससमेत खुला राख्न निर्देशन दिएको छ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
Durbar Marg, Kathmandu, Nepal
Phone : 01-5368719

Interest Rates (p.a.)

Effective from : 17th December, 2023 (1st Poush, 2080)

Deposit	Interest Rate (p.a.)	Minimum Balance (NPR)	Interest Payment
Savings Accounts:			
Mahalaxmi Maha Bachat Khata	6.25%	500	Monthly
Mahalaxmi Bachat Briddhi Khata	5.25%	51	Monthly
Mahalaxmi Baivab Bachat Khata	4.25%	5,000	Quarterly
Mahalaxmi Karmachari Bachat Khata	4.25%	100	Quarterly
Mahalaxmi Premium Bachat Khata	4.25%	100	Quarterly
Mahalaxmi Grihalaxmi Bachat	4.25%	100	Quarterly
Mahalaxmi Student Saving Account	4.25%	100	Quarterly
Mahalaxmi Jestha Nagarik Bachat	4.25%	100	Quarterly
Mahalaxmi Sambridhhi Bachat	4.25%	100	Quarterly
Mahalaxmi Baal Bachat Khata	4.25%	100	Quarterly
Mahalaxmi Pension Bachat Khata	4.25%	100	Quarterly
Mahalaxmi Sharedhani Bachat	4.25%	100	Quarterly
Mahalaxmi Remittance Bachat	5.25%	100	Quarterly
Mero Bachat Khata	4.25%	-	Quarterly
Mahalaxmi Bhukampa Pidit Account	4.25%	-	Quarterly
Mahalaxmi Samajik Surakshya Account	4.25%	-	Quarterly
Mahalaxmi Safety Saving	4.25%	2,000	Monthly
Mahalaxmi Sunaulo Bachat	4.25%	2,000	Quarterly
Mahalaxmi Anmol Bachat	4.25%	1,500	Quarterly
Mahalaxmi PMS Khata	6.20%	-	Monthly
Staff Salary Account	6.25%	-	Quarterly
Mahalaxmi Online Saving	4.25%	-	Quarterly
Margin Locker Account	4.25%	1,000	Quarterly
Mahalaxmi Dollar Saving Account	3.28%	-	Quarterly
Call Deposit (upto)	2.125%		

Fixed Deposit Accounts

1. Individual Fixed Deposit

Fixed Deposit Account:	Interest Rate (p.a.)	Payment On
3 Months to below 6 Months	8.00%	Monthly/ Quarterly
6 Months to below 1 Year	8.50%	Monthly/ Quarterly
1 Year to below 2 Years	9.00%	Monthly/ Quarterly
2 Years and above*	9.25%	Monthly/ Quarterly
Remittance Fixed Deposit (3 Months to below 6 Months)	9.00%	Monthly/ Quarterly
Remittance Fixed Deposit (6 Months to below 1Year)	9.50%	Monthly/ Quarterly
Remittance Fixed Deposit (1 Year to below 2 Years)	10.00%	Monthly/ Quarterly
Remittance Fixed Deposit (2 Years and above*)	10.25%	Monthly/ Quarterly
Mahalaxmi Kramik Bachat Khata	9.00%	Quarterly

2. Institutional Fixed Deposit

Fixed Deposit Account:	Interest Rate (p.a.)	Payment On
6 Months to below 1 Year	6.50%	Monthly/ Quarterly
1 Year to below 2 Years	7.00%	Monthly/ Quarterly
2 Years and above*	7.25%	Monthly/ Quarterly
3. Akshaya Kosh	Negotiable	Monthly/ Quarterly

*** The maturity period of FD should not exceed more than 10 years.**

 # Additional 0.5% can be provided for institutional fixed deposit through bidding.

B. Loan & Advances	Interest Rate (p.a.)
Business OD/Industrial OD/ Working Capital/ Short Term Loan	Base rate + upto 3.75%
Business / Industrial Term Loan	Base rate + upto 3.75%
Mahalaxmi Udhyamshil Karja/Other Business Loan	Base rate + upto 3.75%
Auto Loan	Base rate + upto 3.75%
Hire Purchase Loan	Base rate + upto 3.75%
Education Loan	Base rate + upto 3.75%
Home Loan	Base rate + upto 3.75%
Gold and Silver Loan	Base rate + upto 3.75%
Loan Against Shares	Base rate + upto 3.75%
Deprived Sector Loan (Institutional)	Negotiable
Deprived Sector Loan (Individual)	Base rate + upto 3.75%
Agriculture Loan (Term/OD)	Base rate + upto 3.75%
Personal Loan (Term/OD)/Home Equity Loan	Base rate + upto 3.75%
Other Loan	Base rate + upto 3.75%
Loan Against Fixed Deposit (Own)	Coupon Rate +2%
Loan Against Government / NRB Securities	Coupon Rate +2%
Consortium Loan	As per Consortium Decision
Base rate (Average)	**11.16%**

Fixed Interest Rate for individual term loan	Above 1 year and Upto 5 Years	Above 5 year and Upto 10 Years	Above 10 Years
Home Loan	13.39%	14.39%	15.39%
Auto Loan	13.39%	14.39%	-
Other term Loan	13.89%	14.89%	15.89%

Notes:
- Penal will be charged as per the NRB circular.
- Customer availing personal term loan above 1 year tenure will have option to choose between fixed and floating rate.

• बैकले कर्जाको ब्याजदर लागु गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधि भित्र रहेर गर्नेछ।

सबल बैंक, सफल सहकार्य www.mahalaxmibank.com

Interest Rates

Effective from 17 December, 2023

TYPES OF DEPOSIT	PER ANNUM (%)
NPR SAVING	
MBL Smart Bachat Khata	4.32%
Ek Byakti Ek Khata Yojana	4.32%
Normal Saving	4.32%
Nari Shakti Bachat Khata	4.32%
Digi Yuva Saving Account	4.32%
Shareholders Saving	4.32%
Samman Bachat Khata	4.32%
BalBalika Bachat Khata	4.32%
MBL Premium Saving Account	4.32%
MBL Retirement Plan Account	4.32%
MBL New Smart Bachat Khata	4.32%
Machhapuchchhre Bachat Khata	4.32%
NRN Saving Account	4.32%
Mero Lagani bachat Khata	5.32%
M-Smart Bachat Khata	6.32%
Smart Plus Saving Account	6.32%
MBL Karmashil Bachat Khata	7.32%
SALARY SCHEME	
Salary Management Account	4.32%
MBL Surakshit Talab Khata	4.32%
Special Salary Management Scheme	4.32%
MBL Smart Salary Account	4.32%
MBL New Smart Talab Khata	6.32%
MBL Recurring Deposit	
MBL Recurring Deposit (6 months to 5 years)	7.01%
MBL Recurring Deposit (above 5 years to 20 years)	7.01%
LCY Call Deposit	**2.16%**

FIXED DEPOSITS (LCY)	
Tenure	**Individual/NRN**
3 months to below 6 months	8.00%
6 months to below 1 year	8.50%
1 year and above	9.00%

FIXED DEPOSITS (LCY)	
Tenure	**Institutional**
6 months to below 5 years	6.00%
5 years and above	7.00%
Remittance Fixed Deposit	**10.00%**

FCY Saving	NRN/Remittance	Others
US Dollar Saving	5.75%	4.75%
Euro Saving	4.00%	3.00%
GBP Saving	5.20%	3.20%
AUD Saving	5.55%	3.55%
JPY Saving	3.00%	1.00%
CAD Saving	4.25%	3.25%
CNY Saving	3.00%	2.00%
FCY Fixed Deposit	**NRN/Remittance**	**Others**
US Dollar Fixed Deposit	7.37%	6.37%
Euro Fixed Deposit	5.50%	4.50%
GBP Fixed Deposit	6.70%	4.70%
AUD Fixed Deposit	7.05%	5.05%
JPY Fixed Deposit	4.50%	2.50%
CAD Fixed Deposit	4.50%	3.50%
CNY Fixed Deposit	3.00%	2.00%

FCY Call Deposit	
US Dollar Call Deposit	2.38%
Euro Call Deposit	1.50%
GBP Call Deposit	1.60%
AUD Call Deposit	2.27%
JPY Call Deposit	0.50%
CAD Call Deposit	1.63%
CNY Call Deposit	1.00%
FCY Recurring Deposit	
USD	6.37%
Euro	4.50%
GBP	4.70%
AUD	5.05%
JPY	2.50%
CAD	3.50%
CNY	2.00%

Credit Facilities	Premium Rate (% p.a.) on Base Rate
Corporate/Infrastructure/BG (Cash Credit/Overdraft/Demand Loan/Short-Demand Loan/Trust Receipt/Pledge Loan/Packing Credit Loan/Bridge Gap Loan/Term Loan/Hire Purchase Commercial)	0.25% - 2.25%
Working Capital Term Loan	0.50% - 2.50%
MSB (Cash Credit/Overdraft/Demand Loan/Short-Demand Loan/Trust Receipt/Pledge Loan/Packing Credit Loan/Bridge Gap Loan/Term Loan/Hire Purchase Commercial)	0.50% - 2.50%
Working Capital Term Loan	1.00% - 3.00%
SME (Cash Credit/Overdraft/Demand Loan/Short-Demand Loan/Trust Receipt/Pledge Loan/Packing Credit Loan/Bridge Gap Loan/Term Loan/Hire Purchase Commercial)	1.00% - 3.00%
Working Capital Term Loan	1.00% - 3.00%
ESME (Cash Credit/Overdraft/Demand Loan/Short-Demand Loan/Pledge Loan/Term Loan/Hire Purchase Commercial)	1.00% - 3.00%
Home Loan	
Home Loan (up to 20 Million)	0.50% - 2.50%
Home Loan (Above 20 Million)	1.00% - 3.00%
Auto Loan	
Auto Loan - Specific	0.50% - 2.50%
Auto Loan - Normal	1.00% - 3.00%
Commercial Vehicle Loan (HP)	
Commercial Vehicle Loan (HP) -Specific	0.50% - 2.50%
Commercial Vehicle Loan (HP) -Normal	2.00% - 4.00%
Mortgage Loan	
Mortgage Term Loan	2.00% - 4.00%
Mortgage Overdraft Loan	2.50% - 4.00%
Salary Package Loan	
Salary Package Loan - Specific	0.00% - 2.00%
Salary Package Loan - Normal	2.00% - 4.00%
MBL Professional Loan	
Professional Loan - Specific	1.00% - 3.00%
Professional Loan - Normal	2.00% - 4.00%
Privilege Loan	
Privilege Loan - Specific	0.00% - 2.00%
Privilege Loan - Normal	2.00% - 4.00%
Education Loan	1.00% - 3.00%
Loan against Fixed Deposit Receipt (Own) for New	plus upto 2.00% on coupon on FDR rate or base rate, whichever is higher
Loan Against Shares (Margin Lending)	
Margin Lending (up to 5 Million)	1.00% - 3.00%
Margin Lending (Above 5 Million)	2.00% - 4.00%
Loan Against Gold	2.00% - 4.00%
Loan against Government Securities/Bonds	0.00% - 2.00%
Loan against 1st Class Bank Guarantee	0.00% - 2.00%
Loan against FCY Deposit	0.00% - 2.00%
Forced Loan	Plus 4%
Deprived Sector Lending	
Indirect Lending (Wholesale or Institutional)	
Deprived Sector Loan (Qualifying)	0.00% - 2.00%
Deprived Sector Loan (Non Qualifying)	0.50% - 2.50%
Direct Lending (Others)	
NRB Directed Sectors	Upto 2.00%
Others	2.00% - 4.00%
MBL Subsidized Loan	2.00%
Yuba Tatha Sana Byabasai Swarojgar Kosh	0.00% - 2.00%
Loans under Consortium Financing	As per the Consortium Agreement
MBL Commercial Agriculture and Livestock Loan	0.00% - 2.00%
Home Loan for Earthquake Victims under NRB Refinancing	As per NRB Norms
BLB Agent Overdraft Loan	0.00% - 2.00%
Penal Interest on past due loans & expired loan	Plus 2.00%
FCY Denominated Loan	
USD Trust Receipt Loan	Daily FCY Cost of Deposit + 0.50% - 2.50%

Fixed Interest Rate Loan for Individuals	Up to 5 years	5 years to 10 years	Above 10 years
Home Loan	12.00%	13.00%	14.00%
Auto Loan / HP Loan	12.00%	13.00%	-
Other Retail Loan	12.50%	13.50%	14.00%

Note:
1. Premium rate of each borrower, deal shall be determined subject to loan type/category, tenure of each deal, Internal Credit Risk Rating Assessment etc.
2. Interest Rates on loans against NRB Refinance Shall be as per NRB guidelines.
3. Institutional Bidding rate will be as per NRB guidelines for both LCY & FCY
4. Interest payment will be done on quarterly basis in deposit products.
5. Interest will be due for payment on quarterly/monthly basis based on the nature of the loan
6. While determining interest rate of loans, Clause 3(7) of E.Pra.Nirdeshan 15 shall be adhered.

Machhapuchchhre Bank
सबल, उत्कृष्ट एवं विस्तारित
Head Office : Lazimpat, Kathmandu
Phone No. 01-4528556

शनिबार ३० मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

भाँचिएको खुट्टाका भरमा स्वर्ण जितेँ

दक्षिण एसियाली खेलकुदमा पुरुषतर्फ लगातार चार स्वर्ण जित्ने तेक्वान्दोका दीपक विष्ट एक्लो नेपाली खेलाडी हुन् । उनीभन्दा अगाडि म्याराथनका वैकुण्ठ मानन्धरले लगातार तीन स्वर्ण जितेका थिए । सन् २०१० मा ढाकामा भएको ११औँ सागमा विष्टले मानन्धरको रेकर्ड तोड्दै आफ्नो नाममा ल्याउन सफल भए । सन् २०१९ मा नेपालमै आयोजना भएको १३औँ सागमा पौडीकी गौरिका सिंहले चार स्वर्ण जित्दै विष्टको रेकर्ड बराबरी गरेकी थिइन् । उनले सन् २००४ मा पाकिस्तानको इस्लामाबादमा भएको नवौँ साफमा चुमेको स्वर्ण विशेष रूपमा लिने गरेका छन् । खुट्टा भाँचिएको अवस्थामै उनले स्वर्ण जितेका थिए । करिअर नै दाउमा राखी राष्ट्रका लागि ब्याक टु ब्याक स्वर्ण जित्दाका क्षणको पीडा भुल्न नसकेको उनी बताउँछन् । विष्टले यसरी इस्लामाबादमा स्वर्ण जित्दाको संस्मरण नयाँ पत्रिकाका **श्रीलोचन राजोपाध्याय**लाई यसरी सुनाए :



सन् २००४ मा पाकिस्तानमा भएको नवौँ साफमा स्वर्ण पदक जितेका तेक्वान्दो खेलाडी दीपक विष्ट बैसाखीको सहारामा घर फर्किए । त्यसक्रममा भारत-पाकिस्तानको वाघा बोर्डरमा विष्ट ।

नवौँ साफअघि नै अप्रेसन

पाकिस्तानमा सन् २००४ मा भएको नवौँ साफमा खेल्नुअघि नै घुँडामा समस्या आइरहेको थियो । क्लोज क्याम्पमा यो समस्या बारम्बार झेलिरहेको थिएँ । त्यसवेलाको तेक्वान्दोको प्रशिक्षण अहिलेभन्दा निकै कडा हुन्थ्यो । प्रशिक्षणका क्रममै प्रशिक्षकले एउटा सेसन फुटबल पनि राख्नुभएको थियो । फुटबल खेल्दा झ्याप्पै लर्डें । दायाँ घुँडामा सामान्य चोटजस्तै लागेको थियो । सुरुमा त्यति ख्याल गरिनँ । तर, बिस्तारै बल्झिँदै गयो र आकार ठूलो भयो । मैले बिएन्डबी अस्पतालमा उपचार गराएँ । त्यहाँ चिकित्सकले 'मिनिस्कस' भएको बताउनुभयो । शल्यक्रियाबाहेक अन्य नभएको चिकित्सकले सुझाव दिनुभयो । घुँडाको अप्रेसन सामान्य एक वा दुई घण्टाको थियो । बिएन्डबीका डाक्टर बाबुकाजीले मेरो अप्रेसन गर्नुभएको थियो ।

अप्रेसनपछि चार महिनाजति रेस्ट लिएँ । पाकिस्तानले निर्धारित समयअनुसार सन् २००१ मा साफ गर्नुपर्ने थियो । त्यसवेला नै यो घटना भएको थियो । मेरो दैनिक जीवन र प्रशिक्षणमा समेत यसको असर देखिएको थियो । तर, जसरी पनि साफ खेल्नुपर्छ भन्ने भावना थियो । मैले फिजियो थेरापी गराइरहेँ । आठौँ साफ घरमै हुँदा मैले स्वर्ण जितेको थिएँ । पाकिस्तानको भूमिमा पनि देशलाई स्वर्ण दिलाउनुपर्ने योजना थियो । यद्यपि, राम्रोसँग प्रशिक्षण गर्न नसके अवस्थामा पाकिस्तानको इस्लामाबादमा स्वर्ण जित्नुपर्ने त्यही संकल्पका साथ पुनः प्रशिक्षणमा फर्किएँ । हामीले बैंककमा प्रशिक्षण लिइरहेका थियौँ । तालिवानले अमेरिकामा आक्रामण गऱ्यो । ९-११ घटनाले निर्धारित समयमा नवौँ साफ भएन । हामीलाई बैंककबाट फिर्ता बोलाइयो ।

खुट्टाकै कारण खेल्न नसक्ने हो कि जस्तो लाग्थ्यो । तर, दिमागले जित्नुपर्छ भनिरह्यो । सन् २००४ मा पाकिस्तानले दोस्रोपटक नवौँ साफको मिति घोषणा गरेको थियो । दोस्रोपटकको छनोट चरण मैले पार गरेँ । पाकिस्तान जानेवेलासम्म पनि घुँडामा समस्या आयो । अप्रेसन गरेको खुट्टामा यस्ता किसिमका समस्या आइरहन्छन् । यदि हड्डी मात्र भाँचिएको भए, त्यति समस्या आउँदैनथ्यो । त्यही वेलामा नेपालमा माओवादीको युद्ध चलिरहेको थियो । अन्योल वातावरणमा हाम्रो निरन्तर प्रशिक्षण चली नै रह्यो । द्वन्द्वकालको अवस्थामा जोखिम मोलेर खेल्नु र प्रशिक्षण गर्नु आफैँमा डर थियो । सरकारले साफ खेल्न पठाउँछ कि पठाउँदै भन्ने द्विविधा र शंका थियो । क्लोज क्याम्पमा हामीले यस्तै किसिमको वातावरणमा बितायौँ ।

लोकल ट्रेनको यात्रा

पाकिस्तान जाने पक्का भयो । राष्ट्रिय खेलकुद परिषद्का अफिसियल हवाईजहाजमा गए । हामी खेलाडी र अफिसियलहरू भने सडकबाट गयौँ । काठमाडौँदेखि भैरहवाको सुनौली बोर्डसम्म हामी आर्मीको कडा स्कटिडमा पुग्यौँ । त्यसपछि सहित एक्सप्रेसबाट भारतको अमृतसरमा रहेको वाघा बोडर पुग्यौँ । लाहोरदेखि इस्लामाबादसम्मको बस यात्रा सात सात घण्टा थियो । सुनौलीदेखि अमृतसरसम्मका प्रत्येक ट्रेन स्टेसनमा रोकिने र लाहोरदेखि इस्लामाबादसम्मको सात घण्टाको यात्रा निकै कष्टकर बनेको थियो । हामीलाई कहिले इस्लामाबाद पुगिन्छ भन्ने लागेको थियो ।

पाकिस्तानमा रहँदा खुट्टाको समस्या नआएको होइन । त्यहाँ मैले फिजियो थेरापी गराएँ । तर, खुट्टाको कन्डिसन पहिलाको जस्तो थिएन । साँच्चै भन्ने हो भने, खेल्नुअगाडि नै मेरो एउटा खुट्टा लगभग काम नलाग्नेजस्तै भइसकेको थियो । तर, अनुभवका आधारमा एउटा खुट्टाकै भरमा खेल्ने मानसिक रूपमा म तयार थिएँ । यस्तो किसिमको आत्मविश्वास आउनुको कारण साफअगाडि धनगढीमा दक्षिण एसियाली साफ च्याम्पियनसिपमा मैले स्वर्ण जितेको थिएँ । नवौँ साफ पनि यही नै स्तरको भन्ने सोचेँ र सहजै स्वर्ण हात पार्ने सक्ने हिम्मत बढेको थियो ।

फेरि त्यसवला हामी नेपाली तेक्वान्दोमा दक्षिण एसियाकै नम्बर एक टोली थियो । तर, त्यसवेला हामी खेलाडीलाई कस्तो खानुपर्छ, कति मात्रा लिने भन्ने ज्ञान नै थिएन । न्युट्रिसन ज्ञानको अभाव थियो । न्युट्रिसनको मात्रा नमिल्दा क्यालोरी कहिल्यै पनि एकनासको भएन । खेलमा प्रशिक्षणअनुसार खानाको डाइट र भिटामिनको मात्रा मिलाउनुपर्दो रहेछ । जुन धेरैपछि मात्र थाहा पाएँ । समस्या-समस्याका बीच मैले आफ्नो बाउटको पहिलो खेलमा प्रतिस्पर्धा गरेँ । श्रीलंकाली खेलाडीलाई सहजै हराएँ ।

भुटानीसँग खेल्दा खुट्टा भाँचियो

दोस्रो खेल भुटानीसँग थियो । भुटानी खेलाडी निकै राम्रा थिए । उनीसँग खेल्न मेरो खुट्टा राम्रोसँग टर्न नै भएन । जसोजसो मैले काउन्टर र प्रावधिक रूपमा दोस्रो खेल जित्दै स्वर्ण पदकका लागि आफूलाई उभ्याएँ । तर, दोस्रो र तेस्रो चरणमा मैले भुटानी खेलाडीलाई कमजोर खुट्टाले नै ह्यामर किक प्रहार गरेको थिएँ । ह्यामर किकपछि खुट्टाको 'एसिल' च्यातियो । एक किसिमले खुट्टा झुन्डिएको जस्तै हो । अब फाइनल कसरी खेल्ने ? म एउटा खुट्टाकै भरमा हिँडिरहेँ । कसैले खेल्नुपर्छ र, हुँदैन भन्ने सुझाव दिए । तत्कालीन सदस्यसचिव किशोरबहादुर सिंह र एनओसीका अध्यक्ष रुक्मशमशेर राणाले देशका लागि स्वर्ण जित्नुपर्छ भन्ने सुझाव दिनुभयो । उहाँहरूलाई थाहा थिएन, मभित्रको पीडा कस्तो थियो भनेर ? मेरो क्षमता थाहा पाएपै खेल्नुपर्ने दबाब दिनुभयो । पाकिस्तानी आर्मीको प्रशिक्षण केन्द्रमा तेक्वान्दो खेल भएको थियो । सबै खेलाडी एउटै हलमुनि थिए । पाकिस्तानीले उर्दु भाषामा सोधे, 'दीपक क्या हुवा ? रिङमै जा सक्ते हो ।' हाँस्दै उत्तर दिएँ, 'बिलकुल खेल्ने जाउगा ।'

नवौँ साफमा नेपाली टोलीमा एकजना मात्र चिकित्सक हुनुहुन्थ्यो । खेल चलिरहँदा उहाँ बक्सिङ खेलमा जानुभएको रहेछ । खेलाडी घाइते हुँदा खेल्ने वा नखेल्ने निर्णय डाक्टरले गर्छ । भाँचिएको खुट्टाले खेल्नु भनेको मूर्खतापूर्ण निर्णय थियो । खुट्टाको जोर्नी नै भाँचिएको एक खेलाडीले कसरी खेल्यो भन्ने अहिले सोच्दा अचम्मित हुन्छु । पाकिस्तानका डाक्टर र अन्य साथीले भाँचिएको खुट्टामा बलियोसँग ब्यान्डेज गरिदिनुभयो । त्यसपछि म रिङमा पुगेँ ।

> फाइनलअघि कम्तीमा तीनवटा पेनकिलर खाएको थिएँ । एकपटक मेरा दुवै घुँडा एक-आपसमा ठोक्किए । उफ ! यति पीडा भयो कि कुरै नगरौँ । विश्वास नलाग्न सक्छ, मैले भाँचिएको खुट्टाले नै पहिलो र दोस्रो राउन्डमा पाकिस्तानी खेलाडीविरुद्ध अंक बटुलेको थिएँ ।

स्वर्ण जित्दा एरिनामै लर्डें

यदि पराजित हुनु नै छ भने तेक्वान्दोको एरिनामै हुने, तर नखेली हार स्वीकार गर्दिनँ भन्ने अठोट लिएँ । देशका लागि खेल्दा पीडा सहनुपर्छ पनि । स्वर्ण भिडन्तमा घरेलु खेलाडी पाकिस्तानी थिए । दुवै खुट्टा रिङमा टेकेर खेल्न सक्दिनँ कि भनी प्रावधिक, काउन्टर र फिजिकल्ली खेल खेल्ने योजना बनाएँ । पाकिस्तानका खेलाडीअगाडि केही नभएको जस्तो गरी खेलेँ । अति नै दुःखेको खुट्टा केही नभएको जस्तो गरी म्याटमा टेकिराखेँ । सुरुमा पाकिस्तानी खेलाडीको खेल हेरेँ । त्यसपछि उसलाई पन्च र काउन्टरको योजना बनाएँ । त्यसवेला धेरैले पाकिस्तानी खेलाडीले स्वर्ण जित्ने दाबी गरेका थिए । फाइनल खेल्नुअघि मैले कम्तीमा तीनवटा पेनकिलर खाएको थिएँ । खेलका क्रममा एकपटक मेरा दुवै घुँडा एक-आपसमा ठोक्किए । उफ ! यति पीडा भयो कि कुरै नगरौँ । विश्वास नलाग्न सक्छ, मैले भाँचिएको खुट्टाले नै पहिलो र दोस्रो राउन्डमा अंक बटुलेको थिएँ । कल्पना गर्नुस्, त्यसवेला मभित्र कति दुखाइ भएको थियो होला ? मैले पाकिस्तानमाथि मनोवैज्ञानिक खेल खेलेँ । उसको स्टामिना डाउन गरेँ । थोरै अंकले जितेँ । अन्तिममा मैले पन्च गरी स्वर्ण नै जितेँ । अनि एकैपटक लर्डें । साथीले मलाई उठाएर बाहिर ल्याएको जस्तो लाग्छ । बैसाखीका भरमा स्वर्ण थापेँ ।

बैसाखीमै इस्लामाबाददेखि भैरहवासम्म

मेरो अवस्था सबैलाई थाहा थियो । हिँड्न नसक्ने तर स्वर्ण जितेका खेलाडीलाई राखेपले हवाईजहाजमा काठमाडौँ पुऱ्याउँछ भन्ने विश्वास थियो । तर, बजेटको अभावले जसरी आएको थिएँ, त्यसैगरी फर्कनुपर्ने निर्देशन भयो । सरकारले भनेको खेलाडीले मान्नैपर्छ । कम्तीमा राज्यले खेलाडीमाथि दया गर्नुपर्ने थियो । काठमाडौँसम्म आउँदा मैले आठ पत्ता पेनकिलर सकेँ । जतिवेला दुख्थ्यो, त्यहीँ पेन किलर खान्थेँ ।

इस्लामाबाददेखि लाहोरसम्म बसको यात्रा थियो । बसको सिटमा राम्रोसँग खुट्टा राख्न नसक्ने अवस्थामा थिएँ । रेनुका रानामगर र निरञ्जनले बसभरि नै मेरो टेककेयर गरे । वाघा बोर्डर पार गर्न अति नै गाह्रो भएको थियो । एक वा दुई किलोमिटर हिँड्नुपर्ने थियो । अनि अमृतसरदेखि सुनौलीसम्म पनि ट्रेन परिवर्तन गर्दाको अवस्था बयान गर्न सक्दिनँ । कम्तीमा अमृतसरबाट ट्रेनमा एसी रुम बन्दोबस्तको आशा थियो । पूरै लोकल ट्रेनको यात्रा भयो । भैरहवा पुग्दा अलि राहत भयो । त्यहाँ सरकारले मलाई हवाईजहाजबाट काठमाडौँ ल्यायो । यसबीचमा कसैले मेरो झोला बोक्ने, कसैले बैसाखी मिलाइदिने काम गर्नुभएको थियो । जीवनमा धेरै मैले पदक जितेँ । हुन त मेरो नजरमा छोरा र छोरी एउटै हुन् । यसैगरी मैले जितेका स्वर्ण पदक उस्तै हुन् । तैपनि, पाकिस्तानमा हात पारेको स्वर्णमाथि मेरो करिअरकै दाउ लागेको थियो । यसकारण त्यो स्वर्ण मलाई विशेष लाग्छ ।

आउटफिटका कारण सधैँ चर्चामा रहने महिला गल्फर ग्रेस



गल्फ सबैले रुचाउने खेल हो । यो खेल धनाढ्य खेलाडीले खेल्ने खेलका रूपमा मान्यता रहेको छ । भनिन्छ, गल्फ धनवानूले मात्र खेल्छन् । पैसा नहुने खेलाडी यसमा लामो समयसम्म टिक्न सक्दैनन् । धनीले खेल्ने खेल भएकाले नै सबै गल्फर चिटिक्कका साथ प्रतियोगितामा सहभागी हुन्छन् । उनीहरूको पहिरन ब्रान्डेड हुन्छ । चाहे पुरुष वा महिला गल्फर नहोस्, आउटफिटकै कारण उनीहरू चर्चामा आइरहन रुचाउँछन् । अहिले टेक्सासकी महिला गल्फर ग्रेस चारिस एक उदाहरण बनिरहेकी छिन् । गल्फ कोर्समा उनको खेलभन्दा प्रतियोगितामा लगाउने लुगाकै कारण उनी चर्चाको शिखरमा छिन् ।

> आउटफिटमा खुबै ध्यान दिने ग्रेसले वर्तमान समयकै कामुक महिला गल्फरको उपाधि पाएकी छिन्

प्रत्येक इभेन्ट्समा उनले फरक-फरक लुगा लगाउँछिन् । उनी अक्सर गल्फ कोर्समा पारदर्शी लुगामा देखिन्छिन् । फोटोग्राफर र अन्तर्राष्ट्रिय मिडियामा आफ्नो सौन्दर्यता देखाउन ग्रेस यस्तै पारदर्शी लुगामा प्रस्तुत हुने गर्छिन् । यसैमा उनलाई मज्जा लाग्छ । पछिल्लो समय उनले आफ्नो इन्स्टाग्राममा गल्फ खेलिरहेको फोटो पोस्ट गरेकी छिन् । केही समयमै ग्रेसको यो तस्बिर भाइरल बन्यो । इन्स्टाग्रामको पोस्ट भाइरल हुँदा उनी स्वयं आश्चर्यमा छिन् । 'मैले टिअफ गरिरहेको सट भाइरल हुन्छ भनी कल्पना नै गरेकी थिइनँ,' ग्रेस लेख्छिन्, 'धेरैले यस पोस्टमा कमेन्ट्स गरेका छन्, उनीहरूले मलाई सेक्सी भनेका छन् ।'

२१ वर्षीय ग्रेसलाई इन्स्टाग्राममा २.२ मिलियन फलोअर्सले पछ्याउने गर्छन् । यसैगरी, टिकटकमा उनको २.९ मिलियन फलोअर्स छन् । वर्तमान समयमा अन्तर्राष्ट्रिय महिला गल्फरमध्ये ग्रेस सबैभन्दा सेक्सी गल्फर हुन् । उनका समर्थक लेख्छन्, 'टेक्सासबाट गल्फ क्षेत्रमा एक हट महिला गल्फरको आगमन भएको छ ।' कहिलेकाहीँ अभ्यास गर्दागर्दै उनी टिकटक बनाउन भ्याउँछिन् पनि । '१७औँ होलमा बल्ल एउटा बर्डी प्राप्त भयो,' टिकटक बनाउँदै उनले भनेकी थिइन्, 'यो प्राप्त गर्न धेरै मिहिनेत गर्नुपऱ्यो ।' क्यानेडियन टेलिभिजनमा कार्यरत पत्रकार नानालले पनि ग्रेसलाई अहिले महिला गल्फरमध्ये सबैभन्दा सुन्दर र सेक्सी भएको मानेकी छिन् । 'अन्तर्राष्ट्रिय महिला गल्फरको खेल पछ्याउने गरेकी छु, यसमा ग्रेस नै सबैभन्दा आकर्षित र सुन्दर महिला लागेको छ,' नानालले भनेकी छिन् ।

पहिलो ओलम्पिक

ओलम्पिक खेलकुद खेलाडीहरूको सपनाको प्रतियोगिता हो । एकपटक ओलम्पिक खेल्न पाउँदा खेलाडीहरू आफ्नो करिअर नै सफल भएको मान्छन् । धेरै खेलाडीका ओलम्पिक खेल्ने सपना पूरा हुँदैनन् । यसमा छनोट हुन धेरै मिहिनेत गर्नुपर्छ । अर्को वर्ष पेरिसमा ओलम्पिक खेलकुद आयोजना हुँदै छ । विश्वमा ओलम्पिक सुरु भएको सन् १९८६ देखि हो । ग्रिसको एथन्स सहरले पहिलोपटक ओलम्पिक खेलकुद आयोजना गऱ्यो । पहिलो संस्करणमा पुरुष खेलाडीले मात्र भाग लिएका थिए । १४ राष्ट्रका खेलाडीले नौ खेलमा ४३ इभेन्ट्समा प्रतिस्पर्धा गरे । यसको उद्घाटन ग्रिसका राज जर्जेले गरे । एथेन्स ओलम्पिकमा टेनिस, स्विमिङ, सुटिङ, म्याराथन, साइक्लिङ, जिम्न्यास्टिक, भारोत्तोलन, कुस्ती र फेन्सिङ खेल समावेश थिए । अमेरिकाले पहिलो संस्करणमा सर्वाधिक ११ स्वर्ण, सात रजत र दुई कांस्य जित्यो ।

एनएसएलको ५०औँ खेल बराबरी

काठमाडौँ/ नेपाल सुपर लिग (एनएसएल)को ५०औँ खेल गोलरहित बराबरीमा टुंगिएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको नयाँ टोली झापा र ललितपुर सिटी एफसीले गोलरहित बराबरी खेलेका छन् । खेलसँगै दुवै टोलीले प्लेअफ सम्भावना कायम राखेका छन् । झापालाई हराउँदै प्लेअफमा स्थान बनाउने योजना बनाए पनि ललितपुरले अर्को खेल कुर्नुपर्ने भएको छ । झापाले पनि ललितपुरलाई हराउँदै प्लेअफमा स्थान बनाउन बलियो दाबेदारी दिने तयारी गरेको थियो । तर, खेलभर दुवै टोलीले गोलका लागि निकै प्रयास गरे पनि फिनिसिङमा चुकेका छन् । आफ्नो छैटौँ खेल खेल्दा ललितपुरले अपराजित यात्रा कायम राखेको छ । प्रतियोगितामा धनगढी र ललितपुर मात्रै अपराजित छन् । ललितपुर र झापाले समान चार बराबरी खेलेका हुन् । बराबरीसँगै अनन्त तामाङ मार्की तथा कप्तान रहेको ललितपुरले शीर्ष स्थानमा उक्लिने अवसर गुमायो ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः-२०८०।०८।३०

यस आयोजना कार्यालयबाट मिति २०८०।०७।२४ मा प्रकशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता बोलपत्रदाताहरू मध्ये निम्नानुसार बोलपत्रहरु स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रायोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	ठेक्का नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक भ्याट समेत (रु.)
१	LIDPO/DHA/WORKS/NCB/01/080-81	Nidim Nirman Sewa, Tikapur, Kailali	71,67,821.19
२	LIDPO/DHA/WORKS/NCB/02/080-81	Mahir Builders, Bardagoriya-6, Kailali	67,04,252.00
३	LIDPO/DHA/WORKS/NCB/03/080-81	Swami Jagannath Nirman Sewa, Bhimdatta-18, Kanchanpur	85,97,625.94

कार्यालय प्रमुख

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर तनहुँ

वोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशित मितिः२०८०/०८/३०

यस बन्दीपुर गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, तनहुँको मिति २०८०।०७।०३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित तपशिल बमोजिमका औषधि तथा औषधी जन्य सामाग्री खरिदको www.bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहायको बोलपत्र मुल्यांकन समितिवाट मुल्याङ्कन गर्दा न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आएकाले सार्वजनिक खरिद ऐन,२०६३,दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

क्र.स.	ठेक्का नं /विवरण	न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रदाता	कबोल रकम (भ्याट सहित) रु,	कैफियत
१	Procurement of Medicine & Medicinal Accessories for Bandipur Hospital. BRM/NCB/GOODS/MD/01/2080/81	हिम सागर मेडिकल हल, पृथ्वीचोक, पोखरा	३९,९२,१००।४५	

प्रमुख प्रशासकीय अधिकृत



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com